# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक १३० | काठमाडौं | आइतबार, १५ भदौ २०८२ | Prabhab National Daily | Sunday, 31 August 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


चिनियाँ राष्ट्रपतिसँग प्रधानमन्त्री ओलीको भेटवार्ता

## लिपुलेक सहमतिप्रति प्रधानमन्त्री ओलीले जनाए आपत्ति

### चिनियाँ राष्ट्रपति सीको जवाफ– दुई देशबीचको सीमा विवादमा हामी पक्ष बन्न चाहँदैनौं, दुई पक्ष बसेर समाधान गर्नुस्

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीले चीनसमक्ष नेपाली भूमि लिपुलेकलाई व्यापारिक मार्ग बनाउन चीन र भारतबीच भएको सहमतिप्रति आपत्ति जनाएका छन्। चीनका राष्ट्रपति सी चिनफिडसँग शनिबार भएको द्विपक्षीय भेटवार्ताका क्रममा उनले आपत्ति जनाएका हुन्।

चीनको थियानजिन सहरमा आयोजना हुने सांघाई सहयोग संगठन (एससिओ) को शिखर सम्मेलनमा भाग लिने क्रममा शनिबार त्यहाँ पुगेलगत्तै थियानमिन स्टेट गेस्टहाउसमा प्रधानमन्त्री ओली र चिनियाँ राष्ट्रपति सीबीच भेटवार्ता भएको थियो। सोही भेटवार्तामा प्रधानमन्त्री ओलीले सार्वभौम नेपालको अभिन्न भूमि लिपुलेकलाई व्यापारिक मार्ग बनाउने विषयमा चीन र भारतबीच भएको सहमतिमा नेपालको स्पष्टरूपमा आपत्ति रहेको कुरा राखेको भेटमा सहभागी परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राईले जानकारी दिए।



'सन् १८१६ को सुगौली सन्धिबमोजिम महाकालीपूर्वका सबै भूभागहरू सार्वभौम मुलुक नेपालको भएको स्पष्ट छ। यस मामिलामा चीनले नेपाललाई सहयोग गर्ने छ भन्ने हाम्रो विश्वास नेपालले लिएको छ,' प्रधानमन्त्री ओलीले राष्ट्रपति सीसँग भनेका थिए, 'नेपाल जसरी आफ्नो भूमि कुनै मुलुकविरुद्ध प्रयोग हुन नदिने विषयमा स्पष्ट छ, त्यसैगरी आफ्नो भूमिका विषयमा अरू मुलुकले गर्ने सहमतिमा पनि उत्तिकै असहमति व्यक्त गर्दछ।'

क्रमशः पृष्ठ २ मा

> चिनियाँ राष्ट्रपति सी चिनफिङसँगको भेटवार्ताका क्रममा प्रधानमन्त्री केपी शर्मा ओलीले लिपुलेकको सन्दर्भलाई पनि उठाउनुभएको छ। त्यस विषयमा प्रधानमन्त्रीज्यूले सन् १८१६ को सुगौली सन्धिले नेपालको सीमा निर्धारण गरेको हो। त्यो सन्धिअनुसार महाकाली पूर्वका सबै भूभागहरू नेपाली भूभाग हुन्, सार्वभौम भूभाग हुन् नेपालको। र, त्यो भूभाग 'लिपुलेक'को प्रयोग गर्नेगरी भारत र चीनबीच भएको जुन सम्झौता छ, त्यो सम्झौता हुनु हुँदैनथ्यो। उक्त सम्झौताको सम्बन्धमा नेपालको आपत्ति छ, चीन सरकारले त्यसलाई पालना नगरोस् भन्ने स्पष्ट धारणा राख्नुभयो। चिनियाँ राष्ट्रपतिज्यूले नेपालको जुन दाबी छ, त्यसमा हाम्रो कुनै पनि प्रकारको कमी होइन। परम्परागतरूपमा नाका प्रयोग भइआएको हो, तर तपाईंहरूको जुन सीमा विवाद हो त्यसमा हामी पक्ष बन्न चाहँदैनौं। तपाईंहरू दुई पक्षले समाधान गर्ने विषय हो भन्ने जवाफ दिए।
>
> ■ **अमृतबहादुर राई**
> सचिव, परराष्ट्र मन्त्रालय

## पूर्वपञ्चहरूलाई जहिल्यै शक्ति 'अफाप'

- पार्टी विभाजनउन्मुख हुनेगरी अध्यक्ष राजेन्द्र लिङ्देन र महामन्त्री डा. धवलशमशेर जबरापक्षबीच शक्ति संघर्ष जारी
- २०७० मा राप्रपा नेपाल र राप्रपाले जनमत राम्रै पाए, अन्ततः एकताबद्ध भएका राप्रपा समूहहरू २०७४ को साउनसम्ममा फेरि विभक्त
- २०७६ मा एकताबद्ध राप्रपा समूह २०७८ पछि फुट्यो र अहिले पनि फुटतर्फ उन्मुख
- आन्तरिक कलहपछि फुटको मूल कारण पार्टी र राज्यसत्ताको स्वार्थ।
- नेतृत्व र संगठनमा विवाद, फरक मत राख्नेलाई कारबाहीले पनि विभाजनको खतरा

■ **जेबी योञ्जन**



**काठमाडौं–** पूर्वपञ्चहरू दल खोलेर राजनीतिमा साढे तीन दशकदेखि सक्रिय छन्। जनमतको हिसाबले उनीहरू आबद्ध ठूलो दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) हो। वर्तमान अध्यक्ष छन्– राजेन्द्र लिङ्देन।

२०७९ को चुनावबाट प्रतिनिधिसभामा राप्रपा पाँचौं ठूलो दलको हैसियतमा छ। रूपन्देही–३ का सांसद दीपक बोहराको निधनपछि १३ जना सांसद राप्रपाको छ। २०७४ मा लिङ्देन राप्रपाका एक्ला सांसद निर्वाचित थिए, जतिबेला पार्टी अध्यक्ष कमल थापा थिए। राप्रपाले त्यसबेला जनमत गुमायो। शक्तिहीन बन्यो। चार वर्षपछि २०७८ मा पार्टी महाधिवेशनबाट लिङ्देन अध्यक्ष निर्वाचित भए।

लिङ्देनसँग पराजित हुनुमा थापाले निर्मल निवासलाई दोषे। अनि, राजतन्त्रलाई नबोक्ने भन्दै गणतन्त्रको लाइनमा उभिए। राप्रपा नेपाल ब्युँताए। थापा एमालेसँग गठबन्धन गर्दा पनि एक सिट जित्न अक्षम भए, जबकि लिङ्देनले पार्टीलाई पाँचौं दलसहित शक्तिमा फर्काए।

यसबीचमा संवैधानिक राजतन्त्र र हिन्दू अधिराज्यको माग सदन र सडकबाट खुबै चर्कियो। गणतन्त्रको जग हल्लियो। तर, यतिबेला भने राप्रपाकै जग हल्लिएको छ। पार्टी धर्मराएको छ। कारण, लिङ्देन पार्टीमा आफ्नो निर्णय र कदमलाई लिएर फरक मत राख्नेमाथि निर्ममतापूर्वक प्रस्तुत भइरहेका छन्। पद खोस्नेदेखि पार्टीबाटै हटाउने कार्य गरेका छन्।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**


पछिल्लो १० वर्षमा वैदेशिक रोजगार

## ५९ लाखभन्दा बढी श्रमिक विदेसिँदा भित्रियो १०२ खर्ब २९ अर्ब रेमिट्यान्स

■ **ममता थापा**

**काठमाडौं–** पछिल्लो १० वर्षमा ५९ लाखभन्दा वैदेशिक रोजगारीमा जाँदा मुलुकमा १०२ खर्ब रूपैयाँभन्दा बढी विप्रेषण (रेमिट्यान्स) भित्रिएको छ। मुलुकमा रोजगारीको अवसर नहुँदा रोजगारीका लागि विदेसिने क्रम निरन्तर बढ्नुलाई विज्ञहरूले चिन्ताको विषय भएको बताउँदै आएका छन्। अर्कोतर्फ, यसरी विदेसिने श्रमिकहरूले पठाउने रेमिट्यान्सको आकार बढ्दै जाँदा मुलुकको अर्थतन्त्रलाई ठूलो टेको मिलेको छ।

वैदेशिक रोजगारीका कारण विदेशी मुद्रा भित्रिएर अर्थतन्त्रलाई चलायमान बनाएको छ। अहिले मुलुकको अर्थतन्त्रको करिब एक तिहाइ हिस्सा रेमिट्यान्सले धानेको तथ्यांक छ। तर, अर्थविद्हरू यसलाई दिगो बनाउन नहुनेमा जोड दिन्छन्। रेमिट्यान्समा धानेको अर्थतन्त्र जुनसुकै बेला संकटमा पर्ने भएकोले उत्पादनमुखी अर्थतन्त्र निर्माणमा जोड दिनुपर्ने उनीहरूको भनाइ छ। उत्पादनमा जोड दिँदै स्वदेशमै रोजगारीको अवसर सिर्जना गर्नुपर्नेमा सबैको एकमत देखिन्छ। सरकारले पनि बाध्यात्मक वैदेशिक रोजगारीलाई अन्त्य गर्ने




घोषणा गरेको छ। यद्यपि, त्यसका लागि प्रभावकारी काम गरेको भने देखिँदैन।

### कुन आवमा कति विदेसिए ?

वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार आर्थिक वर्ष २०७२/७३ देखि २०८१/८२ सम्मको अवधिमा कूल ५९ लाख १७ हजार ४६४ जना श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएको देखिन्छ। यो संख्या व्यक्तिगत, संस्थागत तथा पुनः श्रम स्वीकृति लिएर गएकाहरूको हो।

उक्त अवधिमा गत आर्थिक वर्ष २०८१/८२ मा हालसम्मकै सबैभन्दा धेरै आठ लाख ३९ हजार २६६ जना रोजगारीमा गएको तथ्यांक छ। यसबीचको आव २०७६/७७ र २०७७/७८ मा भने कोरोना महामारीका कारण रोजगारीमा जानेको संख्यामा कमी आएको थियो। यी दुई आवमा क्रमशः तीन लाख ६८ हजार ४३३ र एक लाख ६६ हजार ६९८ जनामात्र रोजगारीमा गएका थिए। यसबाहेकका आवमा पाँचदेखि सात लाख युवाहरू रोजगारीमा गएको तथ्यांकमा देखिन्छ।

उक्त अवधिमा छ वटा खाडी मुलुक र मलेसिया नै प्रमुख रोजगार गन्तव्य बनेका थिए। पछिल्लो समय युरोपेली मुलुकहरूमा रोजगारीमा जानेहरू बढ्दै गएका छन्। विशेषगरी कोरोना महामारीपछि युरोप जाने संख्या बढेको तथ्यांकमा देखिन्छ। युरोप जानेहरूमा व्यक्तिगत श्रम स्वीकृति लिने बढी रहेका छन्।

### निरन्तर बढ्दै रेमिट्यान्स

पछिल्लो १० आर्थिक वर्षको तथ्यांक हेर्दा वैदेशिक रोजगारीबाट १०२ खर्ब रूपैयाँभन्दा बढी रेमिट्यान्स मुलुकमा भित्रिएको छ। क्रमशः पृष्ठ २ मा

नवनियुक्त प्रहरी महानिरीक्षक खापुङको यात्रा

## शाखा अधिकृत बन्न चाहन्थे तर बने प्रहरीको कमाण्डर

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नवनियुक्त प्रहरी महानिरीक्षक (आइजिपी) चन्द्रकुबेर खापुङले आगामी बिहीबारदेखि झण्डै ७५ हजार प्रहरीको नेतृत्व सम्हाल्दै छन्। ३२ औं प्रहरी महानिरीक्षक नियुक्त स्वच्छ छविका खापुङले ७१ दिनमात्रै नेतृत्व सम्हाल्ने छन्।

आगामी २७ कात्तिकमा भने उनी नियमित अवकाशमा जाने छन्। उनै खापुङको प्रहरी संगठनमा प्रवेशदेखि नेतृत्वदायी जिम्मेवारी महानिरीक्षक हुँदासम्मका प्रसंग निकै रोचक र प्रेरक छ।

३२ वर्ष पहिलेको कुरा हो। खापुङ शाखा अधिकृतको तयारीमा थिए। उनी निजामती सेवा प्रवेश शाखा अधिकृतबाट गर्न चाहन्थे। उनले स्नातक नेपाल ल क्याम्पसबाट उत्तीर्ण गरेका थिए। जतिबेला उनलाई प्रहरी हुन्छु भन्ने लागेको थिएन।

तर, उनका कलेज पढ्दाका साथी बुद्धिराज गुरुङ र विष्णुकुमार केसीले उनलाई नेपाल प्रहरीको प्रहरी निरीक्षकमा भर्ना खुलेको सुनाए। खापुङले फ्याट्टै भने, 'मैले त सुनेको छु, प्रहरीमा सोर्सफोर्स नभई जागिर खान गाह्रो छ।' उनले प्रहरी निरीक्षकमा फाराम भर्ने र प्रतिस्पर्धा गर्ने मनशाय प्रकट गरेनन्।



- आगामी बिहीबारदेखि नवनियुक्त प्रहरी महानिरीक्षक चन्द्रकुबेर खापुङले प्रहरी संगठनको नेतृत्व सम्हाल्ने
- २७ कात्तिकसम्म उनी प्रहरी महानिरीक्षक रहने
- ७१ दिन सम्हाल्ने छन् ७५ हजार प्रहरीको कमाण्ड

गुरुङ र केसीले १०-१५ प्रतिशत त 'फेयर' (निष्पक्ष) हुन्छ भनेर 'कन्भिन्स' गरे। खापुङले थप तर्कवितर्क गरेनन्। २०५० सालको मंसिरमा फाराम भर्न प्रहरी प्रधान कार्यालय गए। तीनै जनाले फाराम भरे। प्रहरी निरीक्षकको परीक्षा दिए। २०५१ मंसिरमा तीनै जनाले नाम निकाले। तर, क र ख सूचीमा बाँडिए। गुरुङ 'क' सूचीको आठौं नम्बरमा परे। केसी र खापुङ 'ख' सूचीमा परे।

यसरी वर्गीकरण किन गरियो ? उनीहरू अनभिज्ञ रहे। यस्तैमा ५ चैत २०५१ मा 'क' सूचीमा परेका गुरुङसहित ५० जनाको प्रहरी निरीक्षकमा नियुक्ति भयो। 'क' सूचीमा रहेका बाँकी आठ जनाको १९ भदौ २०५२ मा नियुक्ति भयो। तर, 'ख' मा रहेका ४० जनाको नियुक्ति कहिले ? अनिश्चित भयो। त्यहीबेला खापुङका बुबा ललितबहादुरको निधन भयो। उनी गाउँ तेह्रथुमको मोराहाङ गए।

उनी गाउँमा छँदै उनको टोलीका केही साथीहरू प्रहरी निरीक्षकमा नियुक्त गर्न आदेश माग्दै सर्वोच्च पुगे। अन्ततः विशेष दरबन्दी सिर्जना गरेर 'ख' समूहमा रहेका ४० जनालाई पनि प्रहरी निरीक्षकमा नियुक्त गर्ने निर्णय सरकारले गर्‍यो।

क्रमशः पृष्ठ २ मा




१८औं राष्ट्रिय पुस्तकालय दिवस

# ४८ पुस्तकालय उद्घाटन गरिँदै



**काठमाडौं (प्रस)**– आज १८औं राष्ट्रिय पुस्तकालय दिवस मुलुकभर विभिन्न कार्यक्रम आयोजना गरी मनाइँदै छ। पुस्तक दिवसको यस वर्षको आदर्श वाक्य 'हाम्रो पुस्तकालय : हाम्रो भविष्य' तय गरिएको छ।

पुस्तकालय दिवसका अवसरमा विभिन्न रचनात्मक र सन्देशमूलक कार्यक्रम गरिँदै छ। दिवस मनाउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव चूडामणि पौडेलको संयोजकत्वमा मूल समारोह समिति गठन तथा विभिन्न उपसमिति गठन गरिएको छ।

यसै अवसरमा शिक्षा मन्त्रालयले बाँके कोहलपुरस्थित ज्ञानोदय सामुदायिक पुस्तकालय र स्रोत केन्द्रलाई यस वर्षको उत्कृष्ट पुस्तकालय सम्मान प्रदान गर्ने भएको छ। काठमाडौं महानगरपालिका-१४ का गृहमाननसिंह श्रेष्ठलाई उत्कृष्ट पुस्तकालय अभियन्ता तथा गोकर्णेश्वर नगरपालिका-७ का जगदीशचन्द्र अर्याललाई उत्कृष्ट पुस्तकालयकर्मीका रूपमा सम्मान गर्ने निर्णयसमेत गरेको छ।

पुस्तकालय दिवस मूल समारोहमा उत्कृष्ट सम्मान, स्मारिका लोकार्पण तथा 'रुम टु रिड'को सहयोगमा कपिलवस्तुका तीन गाउँपालिकाभित्र ४८ विद्यालय पुस्तकालयको 'भर्चुअल' उद्घाटन गरिने जानकारी दिइएको छ। पुस्तकालयको विकास र विस्तारका लागि महत्त्वपूर्ण योगदान पुऱ्याएबापत पुस्तकालय दिवस मूल समारोह समितिका उपाध्यक्ष तथा विद्यालय शिक्षा महाशाखा प्रमुख सहसचिव रुद्रप्रसाद अधिकारी संयोजक रहेको पाँच सदस्यीय सम्मान तथा पुरस्कार छनोट उपसमितिले उक्त निर्णय गरेको हो।

सम्मान तथा पुरस्कारले पुस्तकालय क्षेत्रको विकास, सक्रियता र समुदायसँगको सम्बन्धलाई प्रोत्साहित गर्ने प्रचारप्रसार समिति संयोजक राजेन्द्रप्रसाद पाण्डेयले जानकारी दिए। यस अवसरमा सरकारी तथा गैरसरकारीस्तरमा विभिन्न कार्यक्रम सञ्चालन भइरहेको पनि संयोजक पाण्डेयले जानकारी दिए। नेपाल सरकारले २०६५ सालदेखि प्रत्येक वर्ष भदौ १५ गते पुस्तकालय दिवस मनाउँदै आएको छ। तत्कालीन राजा गीर्वाणयुद्ध विक्रम शाहको शासनकालमा वि.सं. १८६९ भदौ १५ गते शुक्रबार पुस्तकालय स्थापना गर्ने कानुनमा लालमोहर लगाइएको स्मृतिमा यो दिवस तय गरिएको हो।

नेपाल सामुदायिक पुस्तकालय संघअन्तर्गतका सदस्य पुस्तकालयहरूले सातै प्रदेशमा भदौ १ देखि नै दिनहुँ विभिन्न कार्यक्रम सञ्चालन गर्दै आइरहेका छन्। नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान, डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय, नेपाल राष्ट्रिय पुस्तकालय, त्रिवि पुस्तकालय तथा विज्ञान केन्द्रीय विभाग, नेपाल लाइब्रेरी फाउण्डेसन, त्रिवि केन्द्रीय पुस्तकालय, पिपुल्स क्याम्पसलगायत शैक्षिक संस्थाले पनि विविध कार्यक्रम सम्पन्न गरिसकेका छन्।

दुई सामुदायिक पुस्तकालय स्थापना- भदौ १३ गते मोरङको लेटाङ-४ मा निर्माण भएको शान्ति सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्र विशेष समारोहबीच उद्घाटन भएको छ। यही भदौ १५ गते धर्मदेवी नगरपालिका-३, मुढे शनिश्चरेमा निर्माण गरिएको धर्मदेवी सामुदायिक पुस्तकालयको उद्घाटन गरिने कार्यक्रम छ।

यसै अवसरमा गत बिहीबार १८औं पुस्तकालय दिवसकै सन्दर्भ पारेर संघीय संसद् सचिवालयको संसदीय अध्ययन तथा अनुसन्धान महाशाखा, पुस्तकालय शाखाले 'पुस्तकालय ऐन : आवश्यकता, औचित्य र महत्त्व' विषयमा सांसद र सरोकारवालाबीच अन्तरक्रिया गरेको थियो।

पृष्ठ १ बाट क्रमशः

## पूर्वपञ्चहरूलाई...

पार्टीकै युवा नेताहरूलाई 'गुण्डा' भन्दै हियाउने गरेका छन्। पार्टीभित्रको फरक विचार समूहमाथि निषेधको राजनीति गर्ने रणनीतिमा उनी देखिन्छन्। यसप्रति पार्टीको फरक विचार समूहको नेतृत्व गर्ने महामन्त्री डा. धवलशमशेर जबरापक्षबाट प्रतिवाद हुँदै आएको छ। जबरापक्षीय केन्द्रीय कार्यसम्पादन समिति सदस्य जनकराज पाठकले लिङ्देनमा 'अप्रजातान्त्रिक चिन्तन' देखिएको टिप्पणी गरेका छन्। 'एउटा जीवन्त पार्टीमा फरक मत हुन्छ। फरक मत नै प्रजातान्त्रिक संस्कार हो,' उनले फरक मत राख्दा अध्यक्ष लिङ्देन तर्सिएको भन्दै सामाजिक सञ्जाल फेसबकुमा लेखेका छन्, 'फरक मतबाट कोही तर्सिनु वा झस्किनु अप्रजातान्त्रिक चिन्तन वा सोच हो।'

लिङ्देनको कदम र कार्यशैलीको विरोध गर्नेहरू कारबाहीमा परेका छन्। पार्टी संगठन विभाग प्रमुखबाट महामन्त्री डा. धवल नै हटाइएका छन्। अनुशासन आयोगको संयोजकबाट वरिष्ठ नेता नवराज सुवेदी, प्रवक्ताबाट सगुनसुन्दर लावती र नेता धनसुर शाहीलाई पनि संगठन विभागबाट हटाइदिए।

पार्टी महामन्त्री धवलसहित पूर्वअध्यक्ष डा. प्रकाशचन्द्र लोहनीलगायत गुहार माग्दै निर्वाचन आयोग पुगेका छन्। लिङ्देनको निर्णय बदर गर्नुपर्ने उनीहरूको माग छ। उनीहरू लिङ्देनविरुद्ध मोर्चाबन्दीमा देखिएका छन्। तर, लिङ्देनले चुनौती र चेतावनीपूर्ण भाषामा भन्दै आएका छन्, 'मलाई मन परेन भने महाधिवेशन कुर्नू, पराजित गरेर देखाउनू, यति विचार नै मन नपरे पार्टी छाडेर जानू।'

राप्रपाको विवाद त्यस्तो बेला भयो, जतिबेला पार्टी महाधिवेशनको सम्मुखमा छ। नियमित समयमा महाधिवेशन भए आगामी मंसिरमा हुन्छ। तर, पूर्वतयारीलाई आधार मान्दा लिङ्देन मंसिरमा महाधिवेशन गर्न इच्छुक छैनन्। उनी विधानले दिएको सुविधाअनुसार एक वर्षपछि महाधिवेशन गर्ने मनस्थितिमा छन्। हालै पार्टी उपाध्यक्ष विक्रम पाण्डे र महामन्त्री जबराले लिङ्देनलाई पत्र लेख्दै मंसिरमै महाधिवेशन गर्न दबाब दिएका छन्। लिङ्देनले भने बेवास्ता गरेका छन्। यसरी दिनप्रतिदिन पार्टीमा विवाद चुलिँदो छ। कतै पार्टी नै विभाजनको दिशामा त छैन ? कार्यकर्तापंक्तिमा संशय देखिएको छ।

राजनीतिशास्त्री डा. तारानाथ घिमिरेको शब्दमा राप्रपालाई शक्तिले पोल्छ। 'जतिबेला राप्रपाले चुनावबाट शक्ति आर्जन गर्छ, जहिल्यै किचलो हुन्छ, त्यस्तो किचलो पार्टी सत्ता र राज्यसत्तालाई लिएर हुन्छ। मलाई लाग्छ कि शक्तिले राप्रपालाई पोल्छ,' उनले प्रभावसँग भने। विगत हेर्दा शक्तिमा फर्किएको बेला उत्पन्न किचलोले राप्रपालाई फुटको तहसम्म पुऱ्याउने गरेको दृष्टान्त छ। कतिपय नेताले त दल नै खोल्ने गरेका छन्। २०६२ सालमा कमल थापाको नेतृत्वमा राप्रपा नेपाल गठन भयो।

पछि २०६९ मा राष्ट्रिय जनशक्ति पार्टी र पशुपति शमशेर जबरा अध्यक्ष रहेको राप्रपाबीच एकता भयो र राप्रपाका विभिन्न समूहबीच २०७३ फागुन ६ गते एकीकृत पार्टीको एकता महाधिवेशन भएको थियो। एकता महाधिवेशनको केही महिनामै फेरि राप्रपामा पुनः फुटको सुरुआत भयो।

तर, २०७३ चैत १६ गते प्रकाशचन्द्र लोहनीको नेतृत्वमा राप्रपा राष्ट्रवादी स्थापना भयो। २०७४ साउन २२ गते कमल थापासँग असन्तुष्टि राख्दै पशुपतिशमशेर राणाद्वारा राप्रपा (प्रजातान्त्रिक) गठन गरे। थापा, राणा र लोहनी २०७० को संविधानसभा चुनावबाट जनमत राम्रै भएपछि एक भएका थिए। सत्ताको बार्गेनिङ पावर बढेको थियो। तर, चार वर्ष नबित्दै तीन टुक्रा भयो। जनमतको आधारमा शक्तिमा आएका पूर्वपञ्चहरू विभक्त भए।

पछि २०७५ मा पशुपति नेतृत्वको राष्ट्रिय प्रजातन्त्र पार्टी (प्रजातान्त्रिक) र प्रकाशचन्द्रको दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राष्ट्रवादी)बीच एकता भयो। २०७६ मा भने थापा नेतृत्वको तत्कालीन राप्रपा नेपालसँग एकता भयो। २०७८ सालमा भएको पार्टी महाधिवेशन प्रक्रियामा निर्मल निवासले गरेको हस्तक्षेपले पराजित भएको भन्दै कमल थापा राप्रपा नेपाल ब्युँताएर बसेका छन्। राप्रपा भने गणतन्त्रको डेढ दशकमा देश बर्बादीतर्फ गयो भन्ने जनताबाट प्राप्त जनमतले पाँचौं शक्तिको हैसियतमा प्रतिनिधिसभामा छ। यस्तोबेला चर्किंदो दुई लाइन संघर्षले पार्टी एकीकृत रूपमा नरहने हुन् कि भन्ने शंका कार्यकर्ता तहमा देखिएको छ।

राजनीतिक विश्लेषक घिमिरे राप्रपामा अन्तरकलह बढ्नुमा पार्टी र राज्यसत्ताको स्वार्थ मूल कारण रहेको बताउँछन्। कहिलेकाहीँ नेतृत्वको विषयलाई लिएर पनि फुट्ने गरेको छ। '२०४७ मा राप्रपा जन्मिँदै दुईवटा भएर आयो, चन्द र थापा नाममा। त्यसो हुनुको कारण पार्टी नेतृत्व कसले गर्ने भन्नेमा एकमत नहुनाले हो र पछिल्लो फुट र अन्तरकलहलाई हेर्दा पार्टी र राज्यसत्तासँग जोडिएको स्वार्थ मूल कारण देख्छु,' उनले भने।

हाल राप्रपामा १३ जना प्रतिनिधिसभा सदस्यमध्ये अध्यक्ष लिङ्देनसँग बुद्धिमान तामाङ, रोशन कार्की, बिना लामा, ज्ञानेन्द्र शाही र दीपक सिंह निकट छन्। संसदीय दलमा बहुमत सदस्य लिङ्देनसँग छन्। महामन्त्री धवलसँग भने विक्रम पाण्डे, अनिशा नेपाली र बिना जैसवाल छन्। पशुपतिशमशेर जबरा र ध्रुवबहादुर प्रधान तटस्थ छन्। सांसद गीता बस्नेत सहकारी प्रकरणपछि निलम्बित छिन्। यसरी गत आम चुनावबाट शक्तिमा फर्किएको राप्रपामा सांसदहरू नै विभक्त भइसकेका छन्। पदाधिकारी, कार्यसम्पादनदेखि केन्द्रीय समितिसम्मै नेताहरू मनोवैज्ञानिक रूपमा विभाजित भइसकेका छन्।

## लिपुलेक...

प्रधानमन्त्री ओलीको उक्त भनाइको जवाफमा राष्ट्रपति सीले नेपालको अडान (दाबी) प्रति आफ्नो फरक मत नरहेको र सोबारे नेपाल र भारतबीचको छलफलबाट निष्कर्ष निस्कियोस् भन्ने चाहना राखेको परराष्ट्रसचिव राईले जानकारी दिए।

द्विपक्षीय भेटका अवसरमा दुई देशबीचको मित्रवत् सम्बन्ध र सहकार्यका विविध क्षेत्रमा कुराकानी भई सम्बन्ध तथा सहकार्य अभिवृद्धि गर्न दुवै देशका संयन्त्र अग्रसर हुने समझदारी भएको पनि उनले जानकारी दिए।

प्रधानमन्त्री ओलीको प्रधानमन्त्रीका हैसियतमा यो चौथो औपचारिक चीन भ्रमण हो भने यही अंग्रेजी वर्षमा दोस्रो चीन भ्रमण हो। भेटका अवसरमा 'बेल्ट एण्ड रोड इनिसियटिभ' (बिआरआई) अन्तर्गतका परियोजनालाई द्रुत गति दिन र त्यसबाट नेपालको आर्थिक सामाजिक समुन्नतिमा सहयोग पुग्ने विषयमा पनि छलफल भएको प्रधानमन्त्री ओलीका आर्थिक तथा विकास सल्लाहकार डा. युवराज खतिवडाले जानकारी दिए। उनका अनुसार दुई देशबीच थप नाका सञ्चालन गर्न चीन सकारात्मक रहेको र नेपालको निर्यात बढाउन गुणस्तरीय एवं व्यावसायिक कृषि उत्पादनमा सघाउन पनि तत्पर रहेको छ। नेपाललाई भूपरिवेष्ठितबाट भूजडित बनाउने प्रधानमन्त्री ओलीको संकल्पमा सघाउन पनि चीन सधैं कटिबद्ध रहेको चिनियाँ पक्षले स्पष्ट गरेको छ।

भेटका अवसरमा पूर्वउपप्रधानमन्त्री एवं प्रतिनिधिसभाका सदस्य पूर्णबहादुर खड्का, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्त, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डे, पूर्वमन्त्री एवं प्रधानमन्त्रीका आर्थिक तथा विकास सल्लाहकार डा खतिवडा, पूर्वमन्त्री एवम् प्रतिनिधिसभाका सदस्य छविलाल विश्वकर्मा र सचिव राई, चीनका लागि नेपाली राजदूत डा. कृष्णप्रसाद ओली, नेपालका लागि चीनका राजदूत चेन सोङलगायत सहभागी थिए। भ्रमणका अवसरमा बेइजिङमा चीनका उपराष्ट्रपति हान चंगसँग पनि प्रधानमन्त्री ओलीको भेट हुने छ। साथै, उनले शिखर सम्मेलनका क्रममा विभिन्न राष्ट्र तथा सरकार प्रमुखहरूसँग द्विपक्षीय भेटवार्ता गर्ने कार्यतालिका रहेको छ। (रासससको सहयोगमा)

## शाखा अधिकृत...

त्यसपछि २७ कात्तिक २०५२ मा खापुङसहित उनको टोली प्रहरी निरीक्षकमा नियुक्त भए। प्रहरी संगठनमा अधिकृतस्तरबाट सेवा प्रवेश गरेकै बखत देशमा तत्कालीन नेकपा माओवादीले हतियार उठाएको थियो। १ फागुन २०५२ देखि माओवादीले सशस्त्र युद्ध सुरु गऱ्यो। युद्धका बेला उनी घाइते भए। सिन्धुपाल्चोकमा स्ट्राइकिङमा जाँदा उनी घाइते भएका हुन्। यो २०५६ सालको प्रसंग हो। उनीसहितको टोलीमाथि बिहानै माओवादीले सिन्धुपाल्चोकको मांखामा ग्रिनेड आक्रमण गऱ्यो। त्यसबेला खापुङको कम्मर नजिकै छर्रा लाग्यो र रगत बग्यो। त्यसबेला खापुङ नै कमाण्डर थिए। कमाण्डर नै घाइते भएपछि हेलिकप्टरबाट उद्धार भयो। उपचारपछि उनी ठीक भए।

उनै खापुङ प्रहरी निरीक्षकमा भर्ना भएको १२ वर्षपछि (२०६४ मा) मात्रै प्रहरी नायब उपरीक्षक (डिएसपी) भए। जबकि, उनका ब्याचका छ जना २०६३ सालमै डिएसपीमा बढुवा भएका थिए। त्यसको नौ वर्षपछि उनी २०७३ सालमा प्रहरी उपरीक्षक (एसपी) भए। फेरि, पनि उनका ब्याचका प्रहरी अधिकृतहरूलाई उनीभन्दा एक वर्षअघि २०७२ मै एसपी बढुवा गरिएको थियो। यसरी उनलाई डिएसपी र एसपी बढुवामा पछि पार्ने काम भयो।

उनै खापुङ एसएसपी बढुवा भने पहिलो लटमै भए। २०७६ सालमा उनको ब्याचका १९ जना एसएसपी बन्दा खापुङ १९औं नम्बरमै थिए। यसपछि २०७९ मा डिआइजीमा बढुवा भए। गत वर्ष एआइजी भए। शुक्रबार भने उनी प्रहरी महानिरीक्षक नियुक्त भए। उनले यही १९ भदौमा पदभार ग्रहण गर्ने छन्। प्रहरी सेवामा रहँदा उनको निश्कलंक छवि छ। उनी लिम्बू समुदायबाट प्रहरी महानिरीक्षक बन्ने दोस्रो व्यक्ति हुन्। उनीभन्दा अघि ज्ञानबहादुर याक्थुङ्वा प्रहरी महानिरीक्षक भएका थिए।

## ५९ लाखभन्दा...

नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार आर्थिक वर्ष २०७२/७३ देखि २०८१/८२ सम्मको अवधिमा १०२ खर्ब २९ अर्ब १८ करोड रूपैयाँ रेमिटचान्स भित्रिएको हो। यो रकम वैधानिकरूपमा (बैंकिङ च्यानलमार्फत) आएको रेमिटचान्स मात्र हो।

यस अवधिमा सबैभन्दा बढी विप्रेषण गत आव २०८१/८२ मा १७ खर्ब २३ अर्ब २७ करोड रूपैयाँ आएको छ। सबैभन्दा कम भने आव २०७२/७३ मा छ खर्ब ६५ अर्ब छ करोड रूपैयाँ प्राप्त भएको थियो। आव २०७२/७३ मा छ लाख ४० हजार ९८१ जना रोजगारीमा गए पनि मुलुक भित्रिएको रेमिटचान्स तुलनात्मकरूपमा कम देखिएको छ।

तथ्यांक हेर्दा रोजगारीमा जाने संख्या वार्षिकरूपमा थपघट भए पनि मुलुकमा भित्रिने रेमिटचान्स भने निरन्तर बढ्दै आएको छ। आव २०७६/७७ मा तीन लाख ६८ हजार ४३३ जना रोजगारीमा जाँदा पनि आठ खर्ब ७५ अर्ब तीन करोड रूपैयाँ रेमिटचान्स आएको थियो। अझ आव २०७७/७८ मा एक लाख ६६ हजार ६९८ जनामात्र रोजगारीमा गएका थिए। यद्यपि, उक्त आवमासमेत अघिल्लो वर्षकोभन्दा बढी नौ खर्ब ६१ अर्ब पाँच करोड रूपैयाँ विप्रेषण प्राप्त भएको राष्ट्र बैंकको तथ्यांक छ।

पछिल्लो समय सरकारले वैधानिक माध्यमबाट पैसा पठाउन श्रमिकहरूलाई प्रोत्साहन गर्न थालेसँगै रेमिटचान्समा वृद्धि भएको देखिन्छ। यद्यपि, विभिन्न सरकारी अध्ययनका अनुसार अझै पनि ७५ प्रतिशतमात्र रेमिटचान्स वैधानिक माध्यमबाट भित्रन्छ। हुण्डीलगायतका अवैधानिक माध्यमबाट पैसा पठाउने परिपाटी घट्दै गएपनि नियन्त्रणमा आउन सकेको छैन।

समीक्षा अवधिको पहिलो आव २०७२/७३ मा छ लाख युवा विदेसिएकामा पछिल्लो आव २०८१/८२ मा आइपुग्दा रोजगारीको खोजीमा विदेसिनेको संख्या आठ लाख नाघेको छ। वैदेशिक रोजगारीमा जानेहरूको संख्या बढ्दा पनि मुलुक भित्रने रेमिटचान्स बढेको छ। यसका साथै रोजगारीमा जाने उच्च दक्ष र दक्ष श्रमिकको संख्यामा भएको वृद्धि, आकर्षक तलब हुने युरोपेली मुलुक जानेहरूको बढ्नुलगायतका कारणले पनि रेमिटचान्स बढेको राष्ट्र बैंकका अधिकारीहरूले बताएका छन्।

## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२
Email: dhruvswamig@gmail.com

आइतबार, १५ भदौ, २०८२

| | |
|---|---|
| मेष | काम बन्नाले जोस जाँगर बढ्नेछ। |
| वृष | मिहिनेत गर्दा राम्रै अवसर पाइनेछ। |
| मिथुन | रोकिएका कम बन्ने नयाँ योजना। |
| कर्कट | हडबडीले कमहरु बिग्रन सक्नेछन्। |
| सिंह | नोकरीमा पद प्राप्ति हुनेछ। |
| कन्या | खानपान र पहिरनमा खर्च हुनेछ। |
| तुला | साताको प्रारम्भ उत्साहजनक हुनेछ। |
| वृश्चिक | महगा सामानतर्फ ध्यान जानेछ। |
| धनु | व्यापार बढ्नाले राम्रै आम्दानि हुनेछ। |
| मकर | अप्ठ्यारा परिस्थितिलाई सामना गर्नु पर्नेछ। |
| कुम्भ | रमाइलो यात्रा, मनोरञ्जन प्राप्त हुनेछ। |
| मीन | खर्च बढ्नाले अभाव देखिन सक्छ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| विशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१५ भदौ, २०८२ (३१ अगस्ट, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४०.०० | १४०.६० |
| युरो | १ को | १६३.०० | १६३.६९ |
| पाउन्ड स्टिर्लङ | १ को | १८८.७५ | १८९.५६ |
| स्विस फ्रैन्क | १ को | १७३.८१ | १७४.५५ |
| अस्ट्रेलियन डलर | १ को | ९०.८३ | ९१.२१ |
| क्यानाडियन डलर | १ को | १०१.११ | १०१.५४ |
| सिङ्गापुर डलर | १ को | १०८.९० | १०९.३७ |
| जापानी येन | १० को | ९.४९ | ९.५३ |
| चिनियाँ युआन | १ को | १९.५५ | १९.६४ |
| साउदी अरब रियाल | १ को | ३७.३१ | ३७.४७ |
| कतारी रियाल | १ को | ३८.४१ | ३८.५७ |
| थाई भाट | ख १ को | ४.३१ | ४.३३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३८.१२ | ३८.२८ |
| मलेसियन रिङेट | १ को | ३३.२१ | ३३.३५ |
| दक्षिण कोरियन वन | १०० को | १०.०३ | १०.०८ |
| स्विडिस क्रोनर | १ को | १४.६१ | १४.६७ |
| डेनिस क्रोनर | १ को | २१.८४ | २१.९३ |
| हङकङ डलर | १ को | १७.९५ | १८.०२ |
| कुवेती दिनार | १ को | ४५८.१० | ४६०.०६ |
| बहराइन दिनार | १ को | ३७१.३२ | ३७२.९१ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।



**चुनढुंगा उत्खनन्** | दाङको बंगलाचुली गाउँपालिका वडा नं. ३ र ४ को सिमानामा पर्ने तापामा सिमेण्ट उद्योगले उत्खनन् गरेको चुनढुंगा । यहाँबाट सगरमाथा सिमेण्टले चुनढुंगा उत्खनन् गर्ने गर्छ । *तस्बिरः दीपक बोहरा/रासस*

# गौरा पर्वः सांस्कृतिक परम्परा र श्रद्धाको उत्सव

**दोधारा चाँदनी (कञ्चनपुर)–** सुदूरपश्चिमका गाउँबस्तीमा आज गौरा पर्व मनाइँदै छ । पर्वको चहलपहल एक सातादेखि जनै सुरु भइसकेको छ । पर्वकै लागि रोजगारीका लागि अन्यत्र गएका घर फर्किएका छन् ।

यहाँका हरेक बस्तीमा नयाँ पहिरनमा सजिएका महिलाहरू मांगल, फाग गाउँदै गरेको भेटिन्छन् भने पुरुषहरू खेल्ने खेलले यहाँका बस्ती देउडामय भएका छन् । साउनको पुत्रदा एकादशीदेखि सुरु हुने यस पर्वलाई स्थानीय भाषामा गोःरा भनिन्छ । यस क्षेत्रमा प्राचीनकालदेखि नै पर्वतराज हिमालय र मेनकाकी पुत्रीका रूपमा भगवान् शिवकी अर्धांगिनी शक्तिस्वरूपा पार्वती (गौरी) लाई गौरादेवीका रूपमा पूजा गरिँदै आएको छ ।

भाद्र महिनामा मनाइने गौरा पर्व अगस्ति ताराको उदयका हिसाबले शुक्ल या कृष्ण दुवै पक्षमा पर्ने गर्छ । शुक्ल पक्षमा परेको गौरालाई उज्याली गौरा भनिन्छ भने कृष्णपक्षमा परेको गौरालाई अन्यारी गौरा भनिन्छ । यी दुवै गौरालाई अति पवित्र मानिए उज्याली गौरालाई विशेष महत्त्वका साथ हेर्ने गरिन्छ । विवाहित नारीहरूले आफ्नो कूल परम्पराअनुसार पुरुषहरूजस्तै यज्ञोपवितका रूपमा दुवधागो लाउने प्रचलन यस क्षेत्रमा रहेको छ । पहिलोचोटी उक्त दुवधागो लगाउनका लागि उजेली गौरा परेको पर्व सर्वप्रथम पुत्रदा एकादशीको व्रत बसेपछि मात्र गौराको उपासना गर्न मिल्ने यहाँका जानकारहरू बताउँछन् ।

लोक साहित्यका जानकार कविराज भट्ट पुत्रदा एकादशीको व्रत बसिसकेकी विवाहित महिलाले भाद्र महिनाको बिरुडा पञ्चमीका दिन व्रत बसेर बिरुडा भिजाएपछि



गौरा पर्व विधिवत रूपमा सुरु हुने बताउँछन् । उनका अनुसार उक्त अवसरमा मांगल गीत (सगुन, फाग) सहित तामाको ताउलीलाई गाईको गोबर, दुबो र जौं तिलले सजाएर राख्ने प्रचलन छ । पाँच अन्न बिरुडा (मास, गहत, गहू, कलौं, गुरुस) तामाको ताउलीमा हाली सुगन फाग गायनसँगै भिजाउने गरिन्छ ।

'पञ्चमीको दिन भिजाएका बिरुडा दोस्रो दिन सगुन, फाग गायनसँगै महिलाहरूले पानीको मुहानमा लगेर पाँचपल्ट धुने गर्छन्,' भट्टले भने, 'धारामा साँवाधानको गौराको सानो मूर्ति बनाएर स्थापना गरी बिरुडा तथा चन्दन, अक्षता, पाती, धूप, दीप, फल आदिले पूजा गरी पुनःफाग गायनसँगै बिरुडा भिजाएकै स्थान घरमा आउँछन् ।' सप्तमीको दिन चेलीबेटीहरूले खेतबाट धान, साँवाधान, कुर्जो आदि हालेर रातो कपडा वा घुम्टीमा बेरेर गौराको मूर्ति बनाएर गौरा घरमा ल्याउने चलन छ ।

'गौरालाई डालोमा राखेर शुद्ध आसनमा स्थापित गरिन्छ । एउटा काठको पिर्कोमा पहेलो कपडा बनाएर महेश्वर स्थापना गर्ने गरिन्छ,' उनले भने, 'साँझपख व्रतालु महिलाहरू गोराघरमा जम्मा भई ब्राह्मण बोलाइ गोरामा अभिशेष गरी पञ्चपूर्वांगसहित गौरामहेश्वरको पूजाआजा गर्दछन् ।' सप्तमीको दिन धागोमा विशेष किसिमका सात गाँठा भएको धागोलाई गौरामा चढाइ अभिशेष गरेपछि महिलाले घाँटीमा धारणा गर्ने गर्दछन् । दुर्वाष्ठमीको दिन गौराको महत्त्वपूर्ण दिन हो । यसलाई अठ्यावाली भन्ने गरिन्छ । यो दिन महिलाले सगुन फागसहित गौरालाई गौराहुँदै आइरहेको आँगनमा लगेर राख्छन् । सबै महिलाहरू जम्मा भई अठ्यावाली गायनसँगै बिरुडाले गौराको पूजा गर्ने यहाँकी जानकार आचार्य सरस्वती अवस्थी बताउँछिन् । अठ्यावालीकै बीचमा प्रसंगअनुसार एउटा धर्मकथा प्रस्तुत गरिन्छ ।

'अठ्यावाली पूरा भएपछि फलफट्काउने काम गरिन्छ । दुई जना पुरुषले च्यादरमा गौरामा चढाएका फलफूल तथा बिरुडालाई आकाशतिर पूर्व, पश्चिम, उत्तर दक्षिण र आकाशतिर फाल्ने गरिन्छ,' उनले भनिन्, 'आकाशमा फालिएका बिरुडा प्रसादलाई व्रतालु महिला तथा उपस्थित सबैले देवीको प्रसादका रूपमा आकाशबाटै ग्रहण गर्ने गर्छन् ।' उनका अनुसार महिलाले आफ्ना पतिलगायत घरका सबै सदस्यहरूको बिरुडाले टाउँको पूज्ने र आशीर्वचन दिने चलन छ । 'हामी गौराको प्रसाद दिएर आफूभन्दा साना ठूला सबैलाई आशीर्वाद दिन्छौं,' उनले भनिन्, 'गौरा पर्व नारीप्रधान पर्व हो यो पर्वमा हामी नारीलाई धेरै अधिकार दिएको छ ।'

अठ्यावालीपछिका दिनमा भने यहाँका देवालयमा महिला तथा पुरुषको खेल सुरु हुन्छ । पुरुषले ढोलक र मिजुराका स्थानीय देवीदेवता तथा पौराणिक कथावस्तुमा आधारित ढुष्को, धमारी, ठाडोखेल, चैत आदि प्रस्तुत गर्छन् । कतिपय स्थानमा महिला पुरुषका दोहोरी देउडा हुने गरेका छन् । तीन/चार दिन खेल चलेपछि उपयुक्त साइत हेरी गौरा विसर्जन गरिन्छ ।

गौरा पर्व यस क्षेत्रको मौलिक पहिचान बोकेको पर्वमात्रै नभएर नारी सम्मानको पर्व भएको लोकसाहित्यका जानकार रमेश पन्त मीतबन्धु बताउँछन् । 'गौरा पर्वको अवसरमा घरपरिवारका सबै सदस्यका लागि एकजोर नयाँ लुगा किन्ने परम्परा छ,' उनले भने, 'घरबाहिर रहेका मानिसहरू पनि गौराको बिरुडा प्रसाद ग्रहण गर्नका लागि घर फर्किने, चेलीबेटी तथा इष्टमित्रहरूलाई घरमा बोलाउने रमाइलो गर्ने चलन छ ।' उनले गौरा धार्मिक, सामाजिक, सांस्कृतिक, साहित्यिक, पौराणिक, ऐतिहासिक तथा अन्य विविध दृष्टिकोणले महत्त्व बोकेको पर्व रहेको बताए । *रासस*

# कोरोनाकालका बहुउद्देश्यीय भवन संक्रामक रोग र विपद् उत्थानमा उपयोग गरिँदै




■ **भीष्मराज ओझा**

**काठमाडौं–** सन् २०१९ अन्तिम ताका चीनको वुहान सहरमा पहिलोपटक देखापरेको कोरोना भाइरसले छोटो समयमै विश्वभर महामारीको रूप लिएको थियो । कोरोना महामारीसँगै यसको संक्रमण रोक्न थुप्रै पूर्वाधारसँगै क्वारेन्टिनका लागि विभिन्न भवनहरू निर्माण गरिएका थिए ।

वैश्विक कोरोना महामारी सकिएपछि त्यस्ता बहुउद्देश्यीय क्वारेन्टिन भवनहरूलाई अस्पताल तथा विपद् उत्थानमा उपयोग गर्न थालनी गरिएको छ । नेपालमा संघीय सरकारअन्तर्गतको 'मझौला तथा साना सहरमा खानेपानी, सरसफाइ, स्वच्छता र स्वास्थ्य सेवामार्फत कोभिड-१९ रोकथाम तथा नियन्त्रण आयोजना'ले निर्माण गरेका बहुउद्देश्यीय भवनहरूमा सो कार्यको थालनी गरिएको छ । कतिपय भवन विपद् प्रतिकार्य तथा आश्रयस्थलसमेत उपयोग हुन थालेका छन् ।

एसियाली विकास बैंक (एडिबी) र नेपाल सरकारको पहलमा 'समृद्ध र उत्थानशील एसिया प्यासिफिकका लागि जापान कोष (जेएफपिआर)बाट सञ्चालित उक्त परियोजनाअन्तर्गत मुलुकका विभिन्न १५ पालिकामा २० बहुउद्देश्यीय भवन निर्माण गरिएका थिए । स्थानीय तहलाई हस्तान्तरण गरिएका अधिकांश भवन स्वास्थ्य केन्द्रका रूपमा र विपद् आश्रयस्थलका रूपमा उपयोग गर्ने कार्यको सुरुआत भएको आयोजना उपप्रमुख मनिना वैद्यले जानकारी दिइन् ।

भरतपुर र वीरगञ्ज महानगरपालिका तथा बुटवल, नेपालगञ्ज र धनगढी उपमहानगरपालिकाका साथै भीमदत्त, टीकापुर, गुर्भाकोट, विदुर, सूर्यविनायक, लालबन्दी, बराहक्षेत्र र मेची नगरपालिका एवं राप्ती गाउँपालिकामा ती भवनहरू निर्माण गरिएका छन् । कोभिड-१९ को महामारीका बेला क्वारेन्टिनको अभाव पूर्ति गर्न निर्माण गरिएका त्यस्ता भवन हाल कतिपय पालिकाले खोप केन्द्र, स्वास्थ्य ल्याब, उपचार आकस्मिक कक्ष तथा अन्य विपद् उत्थानलगायत कार्यमा उपयोग गर्न थालनी गरिएको उपप्रमुख वैद्यले बताइन् । सबै बहुउद्देश्यीय भवनमा अक्सिजनको सुविधासहित कूल ३२० शयचा छन् भने महिला र पुरुष छुट्टाछुट्टै वार्ड तथा अपांगतामैत्री रहेका उनले बताइन् । भवनमा प्रशासनिक, चिकित्सकीय, नर्सिङ कक्ष तथा स्टोर रुमसमेत रहेका छन् । उनका अनुसार बहुउद्देश्यीय भवनबाहेक महिला र पुरुष तथा तथा अपांगतामैत्री सुविधासहितका ३० घुम्ती शौचालयसमेतको व्यवस्था गरिएको छ । साथै, १२८ 'ह्याण्ड वासिङ स्टेसन,' १३० स्थानमा स्वास्थ्य केन्द्रमा हेल्थ डेस्कसम्बन्धी मेडिकल सामग्रीलगायतका पूर्वाधार निर्माण गरिएको छ ।

टीकापुर नगरपालिकाले त्यहाँस्थित बहुउद्देश्यीय भवनमा सिकलसेल रोगको उपचार र तथा रोकथाम केन्द्र स्थापना गरी सेवा थालनी अघि बढाएको छ । टीकापुर नगरपालिकाका नगरप्रमुख रामलाल डगौरा थारुले आवश्यक पूर्वाधारसहित तयारी अवस्थामा प्राप्त सो भवनमा जनशक्ति राखेर सेवा सञ्चालन गर्ने काम अन्तिम चरणमा पुगेको बताए । विशेषतः थारु जातिमा मात्र लाग्ने सिकलसेल रोग दाङदेखि कञ्चनपुरसम्मका थारु जातिमा देखिएको छ ।

स्वास्थ्य प्रयोजनका लागि बनेको भवन भएकाले उपचार केन्द्र बनाउन सहज भएको जानकारी दिँदै उनले भने, 'हामीलाई हस्तान्तरण भएपछि जनशक्ति र व्यवस्थापन गरेर सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रका रूपमा अघि बढाएका छौं, हामीले उपचारका साथै यो रोग किन र कसरी लाग्छ, तथा लाग्नै नदिले सचेतना गतिविधि पनि गर्ने योजनाका साथ काम अघि बढाएका छौं ।' यो रोग नियन्त्रणमा संघीय सरकारको खास ध्यान जान नसकेको गुनासो गर्दै नगरप्रमुख थारुले हाल टीकापुर क्षेत्रका लागिमात्रै यो उपचार केन्द्र भए पनि आगामी दिनमा विस्तार गर्दै लैजाने योजना रहेको सुनाए । यस रोगमा खासगरी रगतको अभाव हुने समस्या बढी देखिएको छ ।

कोरोना महामारीको सिकाइले १५ सहरका निर्माण गरिएका २० बहुउद्देश्यीय भवनमा ३२० शयचाका अस्पताल तयार गरिएका हुन् । संघीय सरकारअन्तर्गत सन् १८ अगष्ट २०२१ बाट सुरु भएको उक्त परियोनजामा आगामी सेप्टेम्बरमा सम्पन्न हुन लागेको छ । आयोजनाको यो कार्यले पूर्वाधारको कमी भएका सहरमा व्यवस्था गरिएका यी पूर्वाधारले सहरको परिचय दिने मापदण्ड पूरा गर्नसमेत योगदान दिएको आयोजनाको भनाइ छ ।

कोभिडसँगै भविष्यमा आइपर्ने संक्रमक रोगसँग लड्न तथा विपद् उत्थानशील/प्रतिरोधी संरचना र सरसफाइ स्वच्छता र स्वास्थ्य संरचनाको प्रवर्द्धन गरी समुदायलाई उत्थानशील बनाउन पहल गर्ने आयोजनाको उद्देश्य रहेको छ । त्यस्तै खानेपानी संस्था र पालिकाको उत्थानशील क्षमता अभिवृद्धिमा सहयोग पुऱ्याउने तथा संक्रामक रोगहरूसँग लड्न जनचेतना अभिवृद्धि गर्नेसमेत आयोजनाको उद्देश्य रहेको छ । उक्त संस्थाबाट करिब ६५ करोड रूपैयाँ अनुदान र नेपाल सरकारका तर्फबाट उक्त रकमको करिब १० प्रतिशत रकमसमेतबाट परियोजनाले सो कार्य गरेको हो ।

मेची नगरपालिकाले आफ्नो क्षेत्रमा रहेको बहुउद्देश्यीय भवनलाई विभिन्न समयमा देखिने कालाजारलगायत अन्य संक्रामक रोगको उपचार तथा विपद्मा प्रयोग गर्न सुरु गरेको नगरप्रमुख गोपालचन्द्र बुढाथोकीले जानकारी दिए । आवश्यक पूर्वाधारसहितको उक्त भवनमा नगरपालिकाले हाल जनशक्ति व्यवस्थापन गरी प्रयोगमा ल्याएको उनले बताए । ती बहुउदेश्यीय भवनसँगै सहरी सरसफाइको अभिन्न अंगको रूपमा थप शौचालयको पनि विकास गर्ने कार्य भइरहेको जानकारी दिएको छ । आयोजनाले ती सहरमा हुने विभिन्न प्रकारका प्रकोपका बेला प्रयोग हुनसक्ने प्रकारका ३० वटा घुम्ती शौचालय पनि ती नगरहरूमा उपलब्ध गराएको छ ।

ट्याक्टरको सहायताले एक ठाउँबाट अर्को ठाउँमा लैजान सकिने, महिला तथा पुरुष लागि छुट्टाछुट्टै भाग रहेको, हात धुने सुविधायुक्त ती शौचालयहरू अहिले नगरहरूले विभिन्न मेला तथा भीडभाड हुने क्षेत्रहरूमा प्रयोग गरिरहेका छन् । सहरी सफाइका लागि सरकारले भरतपुर, मेचीनगर, टीकापुर र धनगढीका थप पाँचवटा जीर्ण शौचालयहरू मर्मत सुधार गरी अत्याधुनिक बनाएको छ । त्यसैगरी हाल बागलुङ, लमजुङ, बराहक्षेत्र (सुनसरी), सिराहा, पर्सा, कपिलवस्तु र काठमाडौंमा गरी थप १० अपांगतामैत्री सुविधायुक्त सार्वजनिक शौचालयहरू पनि निर्माणको अन्तिम चरणमा रहेको आयोजनाले जानकारी दिएको छ । *रासस*


## कुवेतमा रोजगार

कम्पनी : KHABZA COMPANY FOR SNACKS COLD AND HOT BEVERAGES शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८२/०५/१३ चलानी नं.: ६०२४४०६१ LT.No.: 330194

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | BAKER | 8 | 0 | स. काममा दक्ष | 150 | ६८,७०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GOLDEN SUMMIT GENERAL CLEANING, CONTRACTING FOR BUILDING, CITIES & ROADS शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८२/०५/११ चलानी नं.: ६०२४४०६५ LT.No.: 330012

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners Indoor (Female) | 0 | 5 | सम्बन्धित काममा दक्ष | 100 | ४५,८०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaning Labour -Indoor | 5 | 0 | | 100 | ४५,८०३ | | | | | | | |

कम्पनी : WOW MILKY INTERNATIONAL FOOD CATERING COMPANY शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८२/०५/१३ चलानी नं.: ६०२४४०६३ LT.No.: 330193

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaning Labour -Indoor | 2 | 0 | सम्बन्धित काममा दक्ष | 100 | ४५,८०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Helper | 16 | 0 | | 120 | ५४,९६३ | | | | | | | |

## युएईमा रोजगार

कम्पनी : BAYT ALFAJAR TECHNICAL SERVICES शहर : UAE
पूर्व स्वीकृत मितिः २०८२/०५/१३ चलानी नं.: ६०२४४०५९ LT. No.: 330305

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Const. Carpenter | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५७,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason For Plaster./ Block | 2 | 0 | | 1500 | ५७,१३५ | | | | | | | |
| 3. | STEEL FIXER | 2 | 0 | | 1500 | ५७,१३५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २२ गते (7 September, 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योर्हने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योर्हने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योर्हने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योर्हने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योर्हने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योर्हने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योर्हने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्न होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 1746 /081/82

MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590,9802390077 | Email: mahainfo59@gmail.com


## चामे गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### चामे, मनाङ

## सिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति : २०८२/०५/१५*

प्रस्तुत विषयमा चामे गाउँपालिको आ.व.०८२/०८३ मा स्वीकृत कार्यक्रमअनुसार तपसिल वमोजिमका योजनाहरू सिलबन्दी दरभाउपत्रको माध्यामवाट खरिद गर्नु पर्ने भएकोले ईच्छुक फर्म/निर्माण व्यवसायीले यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० भित्र आवश्यक कागजात सहित सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| सि.को.ठे.नं. | कार्य विवरण | अनुमानित लागत मु.अ.कर सहित | सिलबन्दी दरभाउपत्र शुल्क रु | सिलबन्दी दरभाउपत्र जमानत रु |
|---|---|---|---|---|
| CRM -01/SQ/ 082/083 | गैरीगाउँदेखि डाँडागाउँ जडान मोटर बाटोमा रेलिङ निर्माण | १२,३१,१७५।२७ | १०००/- | ३२,०००/- |
| CRM -02/SQ/ 082/083 | सातकन्या देवी मन्दिर कम्पाउण्ड निर्माण | ९,५५,३६१।०३ | १०००/- | २५,०००/- |

### सिलबन्दी दरभाउपत्र खरिद र जमानतको लागि बैंक विवरण

| सिलबन्दी दरभाउपत्र खरिद खरिदका लागि | सिलबन्दी दरभाउपत्र जमानतको लागि |
|---|---|
| **बैंकको नाम** : नेपाल बैंक लिमिटेड चामे मनाङ नेपाल<br>**कार्यालयको नाम** : चामे गाउँपालिका, गाउँकार्यपालिकाको<br>**कार्यालय** : चामे मनाङ<br>**कार्यालयको कोड नं.** ८०१०४४००१<br>**कार्यालय खाता नं.** GA 1.1 (12803000001001000001)<br>**राजश्व शीर्षक नं.** 14229 | **बैंकको नाम** : नेपाल बैंक लिमिटेड चामे मनाङ नेपाल<br>**कार्यालयको नाम** : चामे गाउँपालिका, गाउँकार्यपालिकाको<br>**कार्यालय** : चामे मनाङ<br>**कार्यालयको कोड नं.** ८०१०४४००१<br>**कार्यालय खाता नं.** 12803000003000000001<br>चामे गाउँपालिका GA 3.0 धरौटी खाता |

**नोट** : निर्माण कार्यको विल अफ कवान्टिटी चामे गाउँपालिकाबाट उपलब्ध हुनेछ ।
थप जानकारीको लागि यस पालिकाको पूर्वाधार विकास शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## घरजग्गा कारोबारमा कडाइ अनिवार्य

मुलुकको सबैजसो व्यवसाय धराशायी बन्दा पनि चम्केको क्षेत्र थियो घरजग्गा कारोबार। छोटो समयमै लाखौं आम्दानी हुने भएपछि सबैको ध्यान घरजग्गातर्फ नै केन्द्रित भयो। बैंक, वित्तीय संस्था तथा सहकारीले अर्बौं लगानी गरे। जसको परिणाम यो क्षेत्रमा व्यापक बेथिति फैलियो। घरजग्गा दलालीले जथाभावी जग्गा प्लटिङ गर्नेदेखि सर्वसाधारणलाई झुक्याएर लाखौं ठगी गर्ने कामसमेत भए। बेथिति चरम हुन थालेपछि सरकारले कडाइ गर्न थाल्यो। राष्ट्र बैंकले घरजग्गामा लगानी गर्न बैंकहरूलाई कडाइ गर्‍यो। जसको परिणाम बिस्तारै यो क्षेत्र सुस्ताउँदै गयो। पछिल्लो केही समय भने ठप्पजस्तै बनेको घरजग्गा कारोबार। विगतको जस्तो चहलपहल छैन।

यही बेला सरकारले घरजग्गा कारोबारका लागि लाइसेन्स अनिवार्य गरेको छ। घरजग्गा कारोबारलाई पारदर्शी बनाउन भन्दै सरकारले घरजग्गा कारोबारका लागि इजाजत लिनुपर्ने गरी मालपोत नियमावली संशोधन गरेको हो। प्राकृतिक व्यक्तिबीच आपसी सहमतिमा गरिने खरिद बिक्रीबाहेक कुनै शुल्क लिई वा नलिई कसैको घर वा जग्गा खरिद वा बिक्री गर्न सहयोग गर्ने वा परामर्श दिने कामलाई घरजग्गा कारोबारका रूपमा परिभाषित गरिएको छ। ऐनको व्यवस्थाबमोजिम मालपोत नियमावली घरजग्गा कारोबारको इजाजतपत्रसम्बन्धी व्यवस्था थपिएको हो।

भूमि व्यवस्था मन्त्रालयले घरजग्गा कारोबार पारदर्शी नहुँदा नेपाल फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटिएफ)को 'ग्रे–लिस्ट'मा परेको सन्दर्भमा व्यवसाय नियमन गर्नेगरी मालपोत नियमावली संशोधन गरिएको जानकारी दिएको छ। अहिलेसम्म घरजग्गा कारोबार सरकारको नियमनमा छैन। एफएटिएफले नै प्रश्न गरेको कारण घरजग्गा कारोबारलाई नियमनको दायरामा ल्याएर पारदर्शी बनाउन नियमावलीमा लाइसेन्सको व्यवस्था थपिएको मन्त्रालयको भनाइ छ।

नयाँ व्यवस्थाले घरजग्गामा कहाँबाट पैसा आइरहेको छ भनेर हेर्न सकिने बाटो खुल्ने मन्त्रालयले जानकारी दिएको छ। सम्पत्ति शुद्धीकरण निवारणका सम्बन्धमा पर्याप्त नीति तथा कानुन निर्माण र त्यसको कार्यान्वयन नगरेको भन्दै एफएटिएफले २०८१ फागुनमा नेपाललाई ग्रे–लिस्टमा राख्ने निर्णय गरेको हो। इजाजतपत्रका लागि घरजग्गासम्बन्धी कारोबार गर्ने उद्देश्य रहेको कम्पनी वा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, कम्पनीको हकमा कम्पनीको प्रबन्धपत्रको प्रतिलिपि, अद्यावधिक सेयर लगतको प्रतिलिपि, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि र कम्पनी वा फर्मको पछिल्लो आर्थिक वर्षसम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि बुझाउनुपर्ने छ।

सरकारले चालेको यो कदम स्वागतयोग्य छ। तर, यसको प्रभावकारी कार्यान्वयन हुन्छ या हुँदैन त्यो मुख्य चासोको विषय हो। जथाभावी जग्गा खण्डीकरण गरेर उत्पादनशील भूमि नाश गरिनुका साथै अव्यवस्थित बसाइँ बिस्तारले मुलुकको सहरी क्षेत्रमा समस्या उत्पन्न गरिरहेको छ। त्यसैले सरकारले यस क्षेत्रको बेथितिलाई नियन्त्रण गर्न ल्याएका नीतिहरू प्रभावकारी रूपमा कार्यान्वयन गरोस्।

श्रम सरोकार

## वैदेशिक रोजगारीमा रहँदा अपनाउनुपर्ने स्वास्थ्य सुरक्षाका उपायहरु

- सामान्यतया काम गर्ने समय आठ घण्टा अनिवार्य हो तर काम (ओभरटाइम) पाइयो भन्दैमा १२ घण्टाभन्दा बढी काम गर्दा शरीरलाई चाहिने आराम कम हुने भएकोले स्वास्थ्यमा असर पर्न जान्छ।
- कोठामा बस्दा वा सुत्दा एसी सही किसिमबाट प्रयोग गर्नुपर्छ।
- त्यसैले दैनिक १२ घण्टा काम गर्ने हो भने आठ घण्टा अनिवार्यरूपमा आराम गर्नुपर्दछ।
- दैनिक काम गरेको समय र आरामको समय मिलाई सोहीबमोजिम पोषिलो खाना खानुपर्दछ।
- स्वदेश र विदेशको वातावरण फरक पर्ने हुँदा पर्याप्त मात्रामा पानी पिउने गर्नुपर्दछ।
- बाहिरी वातावरणमा घुम्न जाँदा वा हिँड्दा मास्क, चस्मा आदिको प्रयोग गर्नुपर्दछ।
- जाडो र गर्मीको वातावरण हेरी कार्यस्थलमा वा स्थानमा उपयुक्त तवरले प्रयोग गर्नुपर्दछ।
- धूमपान तथा मादकपदार्थको प्रयोगले स्वास्थ्यमा तुरुन्तै असर गर्ने भएकोले यसको प्रयोग गर्नु भनेको स्वास्थ्य खतरामा पार्नु हो। त्यसैले मादकपदार्थको प्रयोगबाट टाढै रहनुपर्दछ।
- कामको प्रकृतिअनुसार तोकिएका सुरक्षाका सामानहरू प्रयोग गर्नुपर्दछ। जस्तोः चस्मा, पञ्जा, रोप, बुट, ड्रेस, हेल्मेट, हार्नेस आदि। सुरक्षा कवच प्रयोग गर्न लापरवाही गरे दुर्घटना हुनसक्छ, स्वास्थ्यमा असर पर्छ।

### महिला कामदारले ध्यान दिनुपर्ने कुराहरु

- प्रायः घरमा सिसी क्यामरा जडान गरिएको हुन्छ। त्यसबाट सबै कुरा निरीक्षण गरिरहेका हुन्छन्। त्यसैले सावधानी अपनाउनुपर्दछ।
- घरमुली वा रोजगारदातासँग बढी कुराकानी गर्दा कतिपय ठाउँमा राम्रो मानिँदैन।
- नचिनेको महिला वा पुरुषको साथ लागेर नचिनेको/नजानेको ठाउँमा जानु हुँदैन।
- पुरुष रोजगारदातामात्र घरमा भएका बेला विशेष सावधानी अपनाउनुपर्दछ।
- कुनै समस्यामा परिहाले कसलाई सम्पर्क गर्ने भन्ने पूर्वतयारी अवस्थामा रहनुपर्दछ। त्यस्तो अवस्थामा गोप्य तरिकाले सम्बन्धित निकाय, संस्था वा व्यक्तिलाई सहयोगको याचना गर्नुपर्दछ।

# शान्तिप्रति चीनको उत्कट अभिलाषाको अभिव्यक्ति



■ छन सङ

"चिनियाँ जनताले इतिहासको यस अन्धकार पृष्ठबाट राष्ट्रिय शक्तिको विकासको महत्त्व गहनरूपमा बुझेका छन्। आज चीन कुनै पनि प्रकारको बाह्य दबाबको प्रतिकार गर्ने सामर्थ्यमा छ। चीनका हरेक पुस्ताले मिहेनत गरी अनुपम उपलब्धि हासिल गरी आफ्नो आत्मविश्वास प्रकट गरेका छन्। मैले बारम्बार भन्ने गरेको छु, नेपालले अहिले सामना गरिरहेका विकाससम्बन्धी हरेक समस्याको चिनियाँ शैलीको समाधान छ, चीन र नेपालको विकास एकबद्ध भएमा नेपाल कुनै पनि समय र अवसरमा आत्मविश्वास युक्त हुनसक्ने छ।

चिनियाँ राष्ट्रपति सी चिनफिङले भन्नुभएको छ, 'इतिहास भनेको एउटा ऐना हो, जसले वर्तमान र भविष्यलाई उजागर गर्दछ। त्यसकारण हामीले इतिहासको अध्ययन गर्नु विगतमा भएका घटनाको कारण र परिणाम पत्ता लगाई पहिले गरेका गल्तीहरूलाई पुनः नदोहोऱ्याउनका निम्ति हो।'

सन् १८४० पछि साम्राज्यवादी शक्तिहरूको आक्रमण र तत्कालीन चीनको भ्रष्ट छीङ राजवंशको शासनका कारण चिनियाँ जनताले ठूलो संकटको सामना गर्नु परेको थियो। त्यसै बेलादेखि चिनियाँ इतिहासको सबैभन्दा अन्धकारमय अध्याय सुरु भएको थियो। त्यो अन्धकारमय इतिहासको पनि सबैभन्दा नृशंस पृष्ठ भनेको जापानी सेनाले चीनमा गरेको आक्रमण थियो। सन् १८९४ मा जापानी प्रतिगामीहरूले आक्रमण गरी चीनको थाइवान र फङ्ह द्वीप समूहमाथि कब्जा जमायो। सन् १९०० मा अरु विदेशी आक्रमणकारीसँगै पेइचिङमा आक्रमण भयो।

सन् १९०४ मा जापान-रुस युद्ध प्रारम्भ गरी चीनको उत्तरपूर्वी भागमा अतिक्रमण भयो। सन् १९१४ मा छीङ ताओ सहरमा आक्रमण गरी कब्जा जमायो। सन् १९१५ मा चीनको अधिकार हनन हुने २१ दाबी प्रस्तुत गऱ्यो। सन् १९३१ को सेप्टेम्बर १८ मा चिनियाँ सेना र जापानी सेनाबीच द्वन्द्वको घटना भयो। यो दिन चीनको सम्पूर्ण उत्तरपूर्वी क्षेत्रमा जापानले आक्रमण गरी कब्जा जमायो। सन् १९३५ मा मध्य उत्तर चीन घटना र सन् १९३७ जुलाई ७ मा युयान्फिङ् काउण्टी सदरमुकाममा विष्फोटन र मार्कोपोलो पुलमा आक्रमण गरी चीनमा व्यापक आक्रामक युद्ध प्रारम्भ गऱ्यो। त्यसबेला उनीहरूले पूरै चीनलाई उपनिवेश बनाएर त्यसपछि सम्पूर्ण एसियालाई नियन्त्रणमा लिई विश्वशक्ति बन्ने सपना देखेका थिए। यी शृंखलाबद्ध कार्यले चिनियाँ जनतामाथि अभूतपूर्व संकट आइलाग्यो र त्यसले चिनियाँ जनतामा प्रतिरोधको अदम्य साहस पनि जगायो।

देश र देशवासी जीवन मरणको दोसाँधमा पुगेका बेला चिनियाँ कम्युनिस्ट पार्टीले आफ्नो असाधारण नेतृत्व र सही रणनीति एवं रणकौशलद्वारा जापानी आक्रमणविरुद्ध एकीकृत संयुक्त मोर्चा गठन गरी चिनियाँ प्रतिरोधलाई दिशा निर्देश गऱ्यो। विभाजन र युद्धत्यागको सर्वथा विरोध गरी सम्पूर्ण जातिको प्रतिरोध युद्ध, एकता र प्रगतिलाई निरन्तरता दिँदै चिनियाँ कम्युनिस्ट पार्टी चिनियाँ जनताको आशा र प्रतिरोध युद्धको आधार स्तम्भ बन्यो।

त्यसबेला सोभियत संघ, अमेरिका, कोरिया, भियतनाम, क्यानडा, भारत, न्युजिल्याण्ड, पोल्याण्ड, डेनमार्क, अस्ट्रिया, रोमानिया, बुल्गेरिया फासिस्ट विरोधी योद्धाहरूले पनि चीनको जापानी आक्रमण विरुद्धको युद्धमा प्रत्यक्षरूपमा सम्मिलित भएर चीनलाई सहयोग गरेका थिए। त्यसबखत नेपाली वीरहरू पनि युरोप, उत्तर अफ्रिका र दक्षिणपूर्वी एसियाका युद्धस्थलमा सहयोगी सेनासँग मिलेर फासिस्ट शक्तिको आक्रमणको प्रतिरोध गरिरहेका थिए। केही दिन अघिमात्र मैले काठमाडौंस्थित बेलायती राजदूतावासले जापानी सेनाले सहयोगी सेनासमक्ष आत्मसमर्पण गरेपछि विजय प्राप्त गरेको दिनको सम्झनामा आयोजना गरेको कार्यक्रममा सहभागी हुने सौभाग्य पाएको थिएँ। त्यस अवसरमा पोखरास्थित ब्रिटिस गोर्खा सेनाले परेड पनि गरेको थियो। दोस्रो विश्वयुद्धमा ब्रिटिस सेनामा नेपालीको गोर्खा सैन्यले बर्मा युद्धस्थलमा चिनियाँ सेनासँग मिलेर जापानी सेनालाई पराजित गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएको सुनेर म प्रशन्न भएको छु। विश्वशान्तिका निम्ति नेपालले पुऱ्याएको यो अद्वितीय योगदान हो, साथै चिनियाँ र नेपाली जनताले आलो रगतका माध्यमबाट गाँसेको अनमोल मैत्री पनि हो।

धेरै वर्षको रक्तपातपूर्ण युद्धपछि आजभन्दा ८० वर्ष पहिले विश्वका जनतासँगै चिनियाँ जनताले फासिस्टरुलाई पूर्णरूपले परास्त गरे भने जापानी सैन्यवादी आक्रमणकारीलाई पनि हराए। चिनियाँ जनताको जापानी आक्रमणविरुद्धको युद्ध र विश्वका जनताको फासिस्टहरूविरुद्धको युद्धमा विजय प्राप्त भयो। अन्ततः अन्धकारमाथि उज्यालोको, प्रतिगमनमाथि प्रगतिको विजय भयो। आफ्नो शवबाट 'ग्रेटवाल' निर्माण गर्न पनि पछि नपरेका वीरहरूको आत्मालाई शान्ति मिल्यो।

यो कहालीलाग्दो संकट र वीरतापूर्ण प्रतिरोधको इतिहासले हामीलाई के सन्देश दिएको छ ?

कुनै जातिको अस्तित्व र उन्नतिको मानसिक आधार भनेको संघर्षको भावना हो। जापानी आक्रमणविरुद्धको युद्धमा चिनियाँ जनतामा प्रतिरोधको भावनाको विकास भयो। चिनियाँ जनताले विश्वसमक्ष देशको उन्नति वा पतनमा सर्वसाधारण जनताको पनि जिम्मेवारी हुन्छ भन्ने राष्ट्रवादलाई आफ्नो अन्तिम गन्तव्य सम्झेर प्राणको आहूति दिनुपरे पनि आत्मसमर्पण नगर्ने स्वाभिमान, अत्याचारसँग नडराई अन्तिम घडीसम्म युद्ध गर्ने र जति समस्या परे पनि नहट्नेजति दुःख सहनु परे पनि नछोड्ने विजयप्रतिको आत्मविश्वास प्रस्तुत गरे। फासिस्टहरूको शक्तिशाली हतियारको अगाडि चिनियाँ जनताले सबै जुक्ति सोचे तर कहिले पनि आत्मसमर्पण सोचेनन्।

दुई विश्वयुद्धको इतिहासले प्रमाणित गर्दछ- आक्रमणमा परेकाहरूले आत्मसमर्पण गरे पनि आक्रमणकरीहरूले नरसंहार गर्न सक्दैनन्। युद्धका निम्ति साहस गर्नु, युद्धकौशलमा निपुण हुनु नै कुनै जाति स्वतन्त्र एवं शक्तिशाली बनेर चमत्कारिकरूपमा सफल हुनुको एकमात्र उपाय हो। देश समृद्ध, जनता सबल हुनु नै देशको सुरक्षाको भौतिक आधार हो।

राष्ट्रपति सीले भन्नुभएको छ, 'पछाडि पर्नेहरूले पिटाइ खान्छन्, विकास गरेरमात्र बलियो हुन सकिन्छ। फासिस्ट युद्धवादले विनाहिच्किचाहट छिमेकी देशहरूमा आक्रमण गर्ने साहस गर्नु तिनीहरूको आर्थिक अवस्था र सैन्यबल अरुकोभन्दा सुदृढ भएर नै हो। आजसम्म पनि प्रभुत्ववाद र शक्ति राजनीतिले अन्तर्राष्ट्रिय राजनीतिमा स्थान र शक्तिको आधारमा अरु देशहरूसँग व्यापार गर्नु पर्ने कुराको प्रचार गरेको पाइन्छ। यसबाट युद्धको भूत अझै पनि विश्ववाट हराइ नसकेको प्रमाणित हुन्छ।

चिनियाँ जनताले इतिहासको यस अन्धकार पृष्ठबाट राष्ट्रिय शक्तिको विकासको महत्त्व गहनरूपमा बुझेका छन्। आज चीन कुनै पनि प्रकारको बाहच दबाबको प्रतिकार गर्ने सामर्थ्यमा छ। चीनका हरेक पुस्ताले मिहेनत गरी अनुपम उपलब्धि हासिल गरी आफ्नो आत्मविश्वास प्रकट गरेका छन्। मैले बारम्बार भन्ने गरेको छु, नेपालले अहिले सामना गरिरहेका विकाससम्बन्धी हरेक समस्याको चिनियाँ शैलीको समाधान छ, चीन र नेपालको विकास एकबद्ध भएमा नेपाल कुनै पनि समय र अवसरमा आत्मविश्वास युक्त हुनसक्ने छ।

साझा भाग्य र भविष्य नै शक्ति कायम गर्ने आधारभूत मार्ग हो। सन् १९३७ डिसेम्बर १३ मा जापानी आक्रमणकारीले चीनको नानचिङमा आक्रमण गरी छ साताभन्दा लामो अवधिसम्म आगजनी, बलात्कार, लुटपाट नरसंहार गरे। त्यसमा परेर कम्तीमा तीन लाख जनाको ज्यान गयो। हालै चीनमा नानचिङ नरसंहारको दुखद् इतिहासलाई पृष्ठभूमि बनाएर निर्माण गरिएको ऐतिहासिक चलचित्र हेरिसकेपछि दुःख र रिसले धेरै दर्शकहरूले आँसु बगाए। यस प्रकारको पीडाले मानिसहरूलाई सास फेर्नसमेत गाह्रो भएको अनुभव गराउँछ। चिनियाँ जनताले जापानी आक्रमणको दुःख संकट झेलिसकेको हुँदा शान्ति कत्तिको महत्त्वपूर्ण छ, समानताको आधारमा अरुको सम्मान गर्नु कत्तिको महत्त्वपूर्ण छ भन्ने राम्ररी बुझेको छ।

चीनले आफूले भोगिसकेको युद्धको आघात कदापि अरु कुनै देशमाथि लाद्ने छैन। कहिले पनि आफ्नो वर्चस्व स्थापना गर्ने छैन। विस्तारवादी नीति अपनाउने छैन। प्रभावक्षेत्र बनाउन खोज्ने छैन। चिनियाँ शैलीको आधुनिकीरण भनेको शान्तिपूर्ण विकासको सत्यवादी पथ हो। उपनिवेश बनाएर लुट्ने पुरानो तरिका र देश शक्तिशाली बनेपछि प्रभुत्ववादी अवश्य बन्ने छ भन्ने गलत सोचाइबाट यो पूर्णरूपले मुक्त छ। यो हामीले विश्वसमक्ष गरेको गम्भीर प्रण हो। हामी नेपाललगायत विश्वका सम्पूर्ण देशहरूसँग संयुक्तरूपमा मानवजातिको साझा भविष्य निर्माण गर्न चाहन्छौं, विश्वमा शान्ति, विकास र उन्नतिका निम्ति सघाउन चाहन्छौं।

फ्रान्सेली इतिहासकार अन्इटोन प्रोस्टले आफ्नो पुस्तक 'इतिहासका बाह्र पाठ' मा एक विचारणीय कुरा लेखेका छन्- इतिहासको अध्ययन विगतमा भएका आपसी विद्वेषयुक्त रोषको स्मृतिलाई बढाउनका निम्ति होइन, त्यो त विगतमा के घटना भए र के कारणले घटे, त्यसबारे बुझ्नका निम्ति हो। इतिहासलाई बिर्सनेले अवश्य पनि पहिलेकै गल्ती दोहोऱ्याउने छ। इतिहासलाई वास्ता नगर्ने पुस्ताको विगत पनि हुने छैन। र, भविष्य पनि।

यस वर्ष हामीले चिनियाँ जनताको जापानी आक्रमणविरुद्धको युद्ध विजय र विश्व फासिस्टविरुद्ध युद्ध विजयको ८०औं वार्षिकोत्सव धुमधामका साथ मनाउदै छौं। यसबाट हाम्रो शान्तिप्रतिको उत्कट अभिलाषा प्रकट भएको छ। हामी विश्वभरका युवा पुस्तामा शान्तिपूर्ण मूल्य मान्यताको निर्माणका निम्ति सहयोग गर्ने छौं। यो अवश्य पनि एक पवित्र एवं महान् कार्य हो। हामीलाई विश्वास छ, हाम्रा युवा प्रतिभाले अवश्य पनि शान्ति एवं मैत्रीपूर्ण वातावरणमा संयुक्तरूपमा मानवजातिको साझा भविष्यको समष्टी निर्माणको यात्रामा अगाडि बढी युगले दिएको जिम्मेवारी पूरा गर्ने छन्। *रासस*

*(लेखक नेपालका लागि चीनका राजदूत हुन्। प्रस्तुत विचार उनका निजी हुन्।)*

पाठक मञ्च

## जनता सचेत नहुँदाको लाभ नेता र छिमेकीलाई !

काठमाडौं देशको राजधानी। त्यसमा पनि इन्द्रचोक, ठमेल, भोटाहिटी, वसन्तपुर, न्युरोड, असन, भेडासिंह, बांगेमुढा, क्षेत्रपाटी, ढल्कु, महाबौद्ध, सुन्धारा, लगनचोक राजधानीको प्रमुख केन्द्र। यी ठाउँ हेर्ने रहर काठमाडौं उपत्यकाभित्रै बसोबास गर्ने र देशभरका विभिन्न भागमा बस्नेहरूमा हुन्छ।

मुलुकका विभिन्न भेगबाट राजधानी पस्ने मानिसहरू यी ठाउँ पुग्ने गरेका छन्। यहाँ उपत्यकाबासी पनि गइरहन्छन्। अहिले काठमाडौंका यी ठाउँमा पाँच-छ दशकअघि कहिले पनि नभएको बूढापाका बताउँछन्। त्यतिबेला यहाँ खेतबारीमात्र थियो। कसैकसैको कच्ची इँटाको घर हुन्थ्यो।

यी ठाउँ नेवार समुदायको बस्तीमा रूपमा चिनिन्थ्यो। यहाँ धेरैजसो नेवारहरूकै बसोबास हुन्थ्यो। कच्ची इँटा, माटो र खरको छानो, पराल वा झिंगटी लगाएर घर बनाएका उनीहरू व्यापार व्यवसाय गर्थे। आफ्नै घरको तल पसल थाप्थे। कोही-कोहीचाहिँ सामान डुलाउँदै बेच्थे।

राजधानीका यी ठाउँबाट अहिले नेवार समुदाय विस्थापित भइसकेको छ। पुराना, मौलिक घर भत्किसकेका छन् भने सिसा, इँटा, डण्डी, मार्बल टाँसेर ठूल्ठूला घर बनाइएको छ। घर र नेवार समुदायमात्र विस्थापित भएनन्, अहिले ठाउँमा व्यापार व्यवसाय गर्नेमा अन्यको वर्चश्व छ। पहिले नेवारको बसोबास हुने ठाउँमा अहिले अरु नै देखिन्छ।

चार दशकअघि दशदेखि सयौं रोपनी जग्गा भएकाहरू उपत्यकाबाटै विस्थापित भएका छन्। कोही सुकुम्बासी हुन पुगेका छन् भने कोही अन्यत्र पुगेका छन्। इन्द्रचोक, महाबौद्ध, असन, ठमेललगायत क्षेत्रका जग्गाको सरकारी मूल्य दुई वर्षअघि आनाकै ७५ लाख थियो। तर, जग्गाचाहिँ आनाको तीन करोडदेखि १४ करोड रूपैयाँसम्ममा किनबेच हुन्थ्यो।

फेरि मालपोतमा नामसारी गर्ने बेला सरकारी मूल्यांकनअनुसार ७५ लाखकै राजस्व तिरिन्थ्यो। काठमाडौं महानगरपालिकाले चालु आर्थिक वर्ष २०८२/८३ को बजेट र नीति तथा कार्यक्रममार्फत यी ठाउँको जग्गाको मूल्य आनाको ५० लाख रूपैयाँ तोकेको छ। केही वर्षअघि यी स्थानमा घरजग्गा किनबेचका लागि हानाथाप हुन्थ्यो। अहिले नै सुनसान छ। यहाँ घरजग्गा कारोबार ठप्पै भएको छ। काठमाडौंको सबैभन्दा महँगो ठाउँ नै यी स्थान हुन्। एउटा सानो ठाउँको समेत पाँच हजारदेखि ३५ लाखसम्म भनिन्छ।

एउटा सटरको ५० हजारदेखि २० लाख, एक फ्ल्याटको ६० हजारदेखि तीन लाख रूपैयाँसम्म असुलिन्छ भने खाली सटर २० लाखदेखि ६० लाख रूपैयाँसम्ममा किनबेच हुन्छ। घर भाडाजतिकै सामानको मूल्य पनि यहाँ चर्को छ। यहाँ मात्र होइन, भाटभटेनी सुपरमार्केटमा पनि उस्तै छ। बाहिर ७०० मा पाइने जुत्ता भाटभटेनीमा पाँच हजार रूपैयाँ लियो भनेर आमनागरिकहरू कुरा गरिरहेका सुनिन्छ।

सरकारलाई ऋण लिनमै फुर्सद छैन। देशको सार्वजनिक ऋण २९ खर्ब ४२ अर्ब पुगिसक्यो। निर्माण व्यवसायीको ४५ अर्ब, दुग्ध तथा उखु किसानको सात अर्ब र कोरोना बिमा गराएका अस्पतालहरूको २४ अर्ब भुक्तानी गर्न बाँकी छ। यो ऋण कसरी तिर्ने ? भनेर न जनतालाई चिन्ता छ न सरकारलाई।

भारत र चीनले कब्जा गरिसकेको नेपाली भूभाग, सिक्किम, दार्जीलिङ, टनकपुर, कोलकत्ता, कालापानी, लिम्पियाधुराबारे कोही बोल्दैनन्। राजधानीकै रैथानेहरू विस्थापित हुँदै गरेको कसले चासो लेओस्। नेपाली जनता सीधा हुँदा त्यसको फाइदा नेतादेखि छिमेकी मुलुकहरूले लिइरहेका छन्। कहिले जाग्ने खै हामी ?

**- रुषा थापा, भक्तपुर**

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। *-संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**हिल्सामा रहेको सीमा पिलर** | हुम्ला जिल्लाको हिल्सामा कर्णाली नदीसँगै रहेको नेपाल र चीन सिमानामा रहेको पिलर देखाउँदै सशस्त्र प्रहरीका प्रहरी निरीक्षक । नेपाल र चीनको सिमाना रहेको क्षेत्र हिल्सामा करिब ५० घरधुरी रहेका छन् । *तस्बिरः रत्न श्रेष्ठ/रासस*

# राष्ट्रिय परिचयपत्रको फाराम भर्न भ्याइनभ्याइ



**खोटाङ (प्रस)–** जिल्ला प्रशासन कार्यालयमा राष्ट्रिय परिचयपत्र बनाउने सेवाग्राहीलाई बिहान १० बजेदेखि लाइनमा राखेर 'टोकन'मार्फत फाराम भराउने गरिएको छ । तर एउटा ठाउँ, एक जनामात्र कर्मचारी हुँदा राति अबेरसम्म पनि धेरै सेवाग्राही त्यसै फर्कन बाध्य छन् ।

वर्षात्को समय भएकाले सामाजिक सुरक्षाभत्ता बुझ्दै आएका वृद्धावृद्धालाई राष्ट्रिय परिचयपत्र भर्न गाउँबाट जिल्ला प्रशासनसम्म आइपुग्न समस्या भएको छ । प्रशासन आइसकेपछि तत्काल सेवा लिन नपाउँदा कोही प्रशासनको भुइँतला, कोही फलैँचा त कोही जिल्ला समन्वय समितिको पार्किङस्थलमा बसिरहेका भेटिन्छन् ।

आफन्त वा परिवारका अन्य सदस्यको साथ लिएर दैनिक १०० जनाभन्दा बढी जिल्ला प्रशासन आउने गरेका छन् । गाडी रिजर्भ गरेर आएका अधिकांश सेवाग्राहीले यस्तै सास्ती खेप्दै आएका छन् । पछिल्लो समय सामाजिक सुरक्षाभत्ता लिने लाभग्राहीको विवरण नवीकरण गर्न अनिवार्य वायोमेट्रिक्स गर्नुपर्ने नियम सरकारले लागू गरेपछि सबैभन्दा बढी उनीहरूलाई सास्ती भएको छ ।

प्रशासन कार्यालयमा सेवाग्राहीको चाप बढेपछि आफ्नो पालो कुरेर बस्न प्रशासनले प्यासेज (आवतजात गर्ने ठाउँ)मा म्याट (प्लास्टिकको फर्म) बिच्छ्याइदिएको छ । म्याटमा बसेर पालो कुरिरहेका उनीहरू अधिकांशको एउटै गुनासो सुनिन्छ, 'बल्लबल्ल जिल्ला प्रशासन कार्यालय आइपुगियो । फेरि यसरी पालो कुरेर कतिबेरसम्म बस्नु ? राज्यले उपलब्ध गराउने सुविधा लिन पनि यत्रो हैरानी खेप्नुपर्ने ? यस विषयमा सम्बन्धित निकायको ध्यान जाओस् ।'

कहिले स्टेसनमा जडान गरिएको सर्भरले काम नगर्ने त कहिले धेरै भीड भएर पालो कुर्नुपर्ने समस्याले सेवाग्राही हैरानीमा परेका छन् । अहिले सामाजिक सुरक्षाभत्ता लिइरहेका सेवाग्राहीलाई खाता खोल्न बैंकहरूले राष्ट्रिय परिचयपत्र अनिवार्य गरेपछि फाराम भर्न आउने लाभग्राहीको संख्या बढेको पाइएको छ ।

राष्ट्रिय परिचयपत्र दर्ता स्टेसनमा जनशक्ति अभाव हुँदा सेवाग्राहीको फाराम भर्न समस्या भएको जिल्ला प्रशासन कार्यालयमा सञ्चालित राष्ट्रिय परिचयपत्र दर्ता स्टेसनका प्रमुख फनिन्द्र राईले बताए । 'दैनिक १०० जनाभन्दा बढी सेवाग्राही आउने गरेका छन् । पालैपालो सेवा दिँदै जाँदा वृद्धवृद्धा र अपांगता भएका सेवाग्राहीले दुःख पाइरहेका छन्,' उनले भने, 'राष्ट्रिय परिचयपत्रको फाराम भर्दा वायोमेट्रिक्स गर्न १० औंलाको प्रिन्ट, आँखाको रेटिनाको फोटोलगायत डेटा समावेश गर्नुपर्ने हुन्छ । जनशक्ति पनि अभाव छ । एकजना व्यक्तिको विवरण भर्न कम्तीमा पनि १५ मिनेट लाग्छ । सर्भरले पनि राम्रो काम गर्दैन । यसप्रति सम्बन्धित निकायले ध्यान दिन जरुरी छ ।'

दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाको पाँचवटा वडाका सामाजिक सुरक्षाभत्ता लिने लाभग्राहीको बैंक परिवर्तन गर्नुपर्ने भएकाले थप समस्या सिर्जना भएको सामाजिक सुरक्षा तथा पञ्जीकरण एकाइका फिल्ड सहायक गम्भीर खत्रीले बताए । बैंक परिवर्तन र वडामा घुम्ती टोलीमार्फत फाराम भरिएका अधिकांश लाभग्राहीको राष्ट्रिय परिचयपत्र सिस्टममा 'एप्रुभ' नभएकाले समस्या भएको हो ।

दश स्थानीय तह रहेको जिल्लामा जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालय खोटाङबजारबाट राष्ट्रिय परिचयपत्रको फाराम भर्ने गरिएको छ । इलाका प्रशासन कार्यालयले जन्तेढुंगा, खोटेहाङ र बराहापोखरी गाउँपालिकाका नागरिकको राष्ट्रिय परिचयपत्रको फाराम भर्दै आएको छ ।

जिल्ला प्रशासन कार्यालय दिक्तेलमा भने बाँकी दुई नगरपालिका (दिक्तेल रूपाकोट मझुवागढी र हलेसी तुवाचुङ नगरपालिका) तथा पाँच गाउँपालिकाको एकै स्टेसनबाट सेवा प्रवाह गर्दा सेवाग्राही मारमा परेका छन् । सेवा लिन आउनेको संख्या बढेपछि पालो नपाएका सेवाग्राही तीन दिनसम्म होटलमा बस्न बाध्य छन् ।

राष्ट्रिय परिचयपत्रका लागि फाराम भर्न जिल्ला प्रशासन आएका सेवाग्राहीलाई राति अबेरसम्म खटिएर भए पनि सेवा उपलब्ध गराउने गरिएको प्रमुख जिल्ला अधिकारी कल्पना श्रेष्ठले जानकारी दिइन् । 'अहिले सामाजिक सुरक्षाभत्ता लिने लाभाग्राही बढी भएकाले प्रशासनमा चाप बढेको छ । सेवाग्राहीको चाप बढेपछि स्टेसन थप गर्ने विषयमा विभागसँग समन्वय गर्ने काम भइरहेको छ,' उनले भनिन्, 'अशक्त र अपांगता भएका सेवाग्राहीलाई स्थानीय तहसँग समन्वय गरेर उपयुक्त ठाउँ पहिचान गरेर अस्थायी दर्ता केन्द्र सञ्चालन गर्ने योजना बनाएका छौं । अबको केही दिनभित्रै गाउँगाउँमा टोली परिचालन गरेर सेवाग्राहीलाई उनीहरूकै गाउँमा सेवा उपलब्ध गराउँछौं ।'

सामाजिक सुरक्षाभत्ता नवीकरणका लागि 'वायोमेट्रिक भेरिफिकेसन'मासमेत राष्ट्रिय परिचयपत्रको नम्बर अनिवार्य राख्नुपर्ने व्यवस्था लागू गरिएपछि लाभग्राही थप समस्यामा परेका छन् । २०७७ साउन १ गतेबाट राष्ट्रिय परिचयपत्रको फाराम भर्ने काम सुरु गरिएको जिल्लामा एक लाख २२ हजार २७५ नागरिकले राष्ट्रिय परिचयपत्रको फाराम भरिसकेको तथ्यांकमा उल्लेख छ । *रासस*

## कर्णाली प्रदेशमा १० वर्षमा विपद्का घटना

# ६१९ जनाको मृत्यु, साढे तीन अर्बको क्षति

**■ टेकराज केसी**

**भेरीगंगा (सुर्खेत)–** कर्णाली प्रदेशमा पछिल्लो १० वर्षमा विपद्का घटनामा परी ६१९ जनाको मृत्यु भएको छ भने अर्बौंको क्षति भएको छ । कर्णाली प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयका अनुसार कर्णाली प्रदेशमा २०७२ देखि २०८१ सम्मको १० वर्षको अवधिमा ६१९ जना व्यक्तिको विपद्का घटनामा परी मृत्यु भएको हो ।

तथ्यांकअनुसार १० वर्षमा प्रदेशभर ६८ जना बेपत्ता भएका छन् भने एक हजार २६६ जना घाइते भएका छन् । यो अवधिमा सबैभन्दा बढी जाजरकोट जिल्लामा विपद्बाट १८४ जनाको मृत्यु भएको छ भने सबैभन्दा कम मुगुमा २६ जनाको मृत्यु भएको छ । यस्तै, रुकुममा ९२ जना, कालीकोटमा ८४ जना, जुम्लामा ४७ जना, हुम्लामा ४६ जनाको विपद्मा घटनामा परी मृत्यु भएको छ ।

यसैगरी, सल्यानमा ३९ जना, दैलेखमा ३६ जना, डोल्पामा ३५ जना र सुर्खेतमा ३० जनाको मृत्यु भएको तथ्यांकमा उल्लेख छ । एक दशकको अवधि सबैभन्दा धेरै पहिरोबाट १८० जनाको मृत्यु भएको छ । यस्तै भूकम्पबाट कारण १५४ जनाको मृत्यु हुँदा आगलागीबाट ६४ जनाको मृत्यु भएको प्रदेश सरकारका विपद् सहजकर्ता उज्ज्वल अधिकारीले जानकारी दिए ।

उनका अनुसार चटचाङबाट ४६ जना, बाढीबाट ३९ जना, महामारीबाट ३४, लेक लागेर २५ जना, वन डढेलोमा परी १५ जना, डुबेर १४ जना र भारी वर्षाका कारण १३ जनाको मृत्यु भएको छ ।

कर्णाली प्रदेशमा विशेषगरी भूकम्प, पहिरो, आगलागी, चटचाङ, बाढी र महामारीजस्ता प्रकोपको कारण अत्यधिकरूपमा क्षति भएको आँकडाले देखाउँछ । यसका साथै महामारी, लेक लाग्ने, नदी कटान, डुबान, भूक्षय, जनावर आक्रमण, रोगको प्रकोप, असिना, हुरीबतासजस्ता प्रकोपका कारण ठूलो धनजनको क्षति हुने गरेको छ । विभिन्न वैज्ञानिक अध्ययनअनुसार कर्णाली प्रदेश भूकम्पको उच्च जोखिममा रहेको छ ।

तथ्यांकअनुसार विपद्बाट १० वर्षमा झण्डै साढे तीन अर्ब रूपैयाँको क्षति भएको छ । सबैभन्दा धेरै क्षति भूकम्पबाट भएको छ । गत वर्ष जाजरकोटमा आएको भूकम्पले धेरै क्षति पुर्‍याएको तथ्यांकमा उल्लेख छ । तथ्यांकअनुसार भूकम्पबाट मात्रै दुई अर्ब ४७ करोड रूपैयाँभन्दा धेरैको क्षति भएको छ ।

यता, प्रदेश सरकारले सम्भावित विपद्बाट हुनसक्ने क्षति न्यूनीकरणका लागि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बनाएर काम गरिरहेको जानकारी दिएको छ । यस्तै मनसुनको बेला हुनसक्ने विपद् जोखिम कम गर्नसमेत मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजनाअनुसार काम भइरहेको आन्तरिक मामिला तथा कानुन मन्त्रालयका उपसचिव उत्तम गौतमले जानकारी दिए ।

उनका अनुसार कक्षा ९ देखि १२ सम्म १३ हजार विद्यार्थीलाई विपद्बाट जोगिन सक्ने उपायबारेमा हाते पुस्तक वितरण गर्ने योजना बनाइएको भन्दै उनले यसले सचेतनामा सघाउ पुग्ने उल्लेख गरे । सरकारले यस कार्यका लागि विभिन्न नीतिगत व्यवस्थासमेत गरेको उनले जानकारी दिए । *रासस*

# परम्परागत भोदी खेल संरक्षणमा जुट्दै थारू समुदाय



**त्रिवेणी (नवलपरासी)–** परम्परागत भोदी खेल संरक्षणमा यहाँका थारू समुदायले अग्रसरता लिएका छन् । थारू समुदायको मौलिक परम्परागत खेलका रूपमा रहेको भोदी खेल संरक्षणका लागि समुदायकै पहलमा प्रतियोगिता आयोजना गरिएको छ । नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको डण्डास्थित थारू संग्रहालयको परिसरमा थारू राष्ट्रिय संग्रहालय अध्ययन केन्द्रको आयोजनामा शुक्रबार जिल्लास्तरीय पुरुष तथा महिला भोदी खेल प्रतियोगिता सञ्चालन भयो । प्रतियोगिताले लोपोन्मुख अवस्थामा पुगेको खेलको संरक्षण साथै नयाँ पुस्तामा हस्तान्तरण गर्न सहयोग पुग्ने विश्वास लिइएको अध्ययन केन्द्रका अध्यक्ष खन्सराम महतोले बताए ।

थारू समुदायको संस्कृति र परम्परासँग जोडिएको भोदी खेल पछिल्ला वर्षमा खेल्ने क्रम घट्दै गएपछि संरक्षणको अभियान स्वरूप प्रतियोगिता आयोजना गरिएको हो । भोदी खेललाई आकर्षक ढंगले नयाँ पुस्तामा परिचित गराउन सकियो भने यो केवल खेलमात्र नभई सांस्कृतिक सम्पदा र सामूहिक एकताको प्रतीकका रूपमा स्थापित हुन सक्ने अध्यक्ष महतोले बताए । भोदी खेल थारू समुदायको पुरानो खेलका रूपमासमेत कायम रहने उनले बताए ।

भोदी खेलमा एक समूहमा १० जना खेलाडी सहभागी हुन्छन् । उनीहरूले पालैपालो झटारो हानेर भुइँको खाडलमा राखिएका १० वटा लठ्ठी (थारू भाषमा टाँचा) निकाल्ने नियम हुन्छ । खेलअनुसार एउटा समूहलाई निश्चित समय प्रदान गरिन्छ । निर्धारित समयमा सबैभन्दा धेरै लठ्ठी खाडलबाट निकाल्ने समूह विजेता बन्ने गर्दछ । युवाको सक्रिय सहभागिताले यस परम्परागत खेलको संरक्षणमात्र नभई पुस्तान्तरणमा पनि ठूलो सहयोग पुगेको अध्ययन केन्द्रका उपाध्यक्ष राजकुमार महतोले बताए । शुक्रबार थारू समुदायको परम्परागत तथा मौलिक खेलको नेपाल कम्युनिस्ट पार्टी माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले उद्घाटन गरेका थिए ।

धार्मिक र सांस्कृतिक महत्त्व बोकेको यो खेल विशेषतः युवा समूहबीचका खेलिने परम्परा छ । बलपूर्वक लठ्ठी हान्नुपर्ने भएकाले समेत युवाको सहभागिता आवश्यकता पर्ने गर्दछ । थारु अगुवा गणेशमान महतोका अनुसार अनत चतुर्दशी पर्वको अवसरमा यसलाई विशेष महत्त्वका साथ खेलाइने गरिन्छ । यतिबेला यहाँका थारू बस्तीमा भोदी खेलको रौनक छाएको महतोले बताए । शुक्रबार भएको प्रतियोगितामा जिल्लाका साठीभन्दा धेरै पुरुष तथा महिला समूहको सहभागिता रहेको थियो । यसले समेत थारू समुदायको भोदी खेलको महत्त्व थप बलियो बनेको उनले बताए ।

अनत पर्वमा गरिने उपवासले आफूले गुमाएको सम्पत्ति फिर्ता गराउन सक्ने भन्ने धार्मिक मान्यता रहेको राष्ट्रिय थारू संग्रहालय अध्ययन केन्द्रका सल्लाहकारसमेत रहेका महतोले बताए । द्वापार युगमा कौरव र पाण्डबीचको द्वन्द्वमा कौरवले छलकपट गरी पाण्डवको श्रीसम्पत्ति हरण गरेपछि पाण्डवले गुमेको सम्पत्ति फिर्ताका लागि अनत पर्वको उपवास गर्ने निधो गरेको र सो क्रममा पर्वमा सबैलाई सहभागि र उत्साहपूर्वक बनाउन भोदी खेल आयोजना गरिएको धार्मिक कथन रहेको उनले बताए । सोही धार्मिक कथनबाट भोदी खेल आएको र अहिले पनि अनत पर्वको अवसरमा धुमधामका साथ खेल्ने गरिएको महतोले बताए । भोदी खेल थारू समुदायले खेल्ने गरेको मौलिक खेल रहेकाले यसको संरक्षणमा सरकारसमेतले चासो दिनुपर्ने उनले बताए । *रासस*

# संरक्षणको पर्खाइमा ऐतिहासिक टक्सार बजार



**भोजपुर–** औद्योगिक, व्यापारिक तथा सांस्कृतिक पहिचान बोकेको भोजपुरको ऐतिहासिक टक्सार बजार अहिले संरक्षणको पर्खाइमा छ । 'सानो पाटन'को नामले चिनिएको यो बजार बसाइँसराइका कारण सुनसान बनेको छ ।

दर्जनौं धार्मिक एवं सांस्कृतिकस्थल समेटिएको यो बजार क्रमशः जीर्ण हुँदै गएको स्थानीयबासी अम्रिका ताम्राकार बताउँछिन् । 'ऐतिहासिक टक्सार बजार नेपालकै गौरव बोकेको स्थल हो,' उनले भनिन्, 'तर वर्षैपिच्छे खण्डहर बन्दै गएको छ । यो ऐतिहासिक क्षेत्रको संरक्षणको खाँचो छ ।' वि.सं. १८७२ देखि १८८७ सम्म टक्सारमा डोली पैसा बन्ने गर्थ्यो भन्ने ऐतिहासिक तथ्य छ । तत्कालीन सरकारले वि.सं. १८७० देखि पूर्वी पहाडका जिल्लामा खनिज पदार्थ उत्खनन थालेपछि टक्सारमा अड्डासमेत स्थापना भएको थियो ।

यहाँ वि.सं. १९९३ मा स्थापना भएको शाक्यमुनि विहार, सरस्वती गुफा, अजिमा थान, महेन्द्र पार्क, राधाकृष्ण मन्दिर, गणेश मन्दिर, भिमसेन थान, तीन धारालगायतका धार्मिकस्थल रहेका छन् । बस्ती घट्दै गएसँगै यी सम्पदा पनि ओझेलमा पर्न थालेको स्थानीय राजकुमार श्रेष्ठ बताउँछन् । 'टक्सारमा दजनौं धार्मिक स्थल छन्,' उनले भने, 'जुन स्थान पर्यटकको आकर्षणको केन्द्र पनि हुन् । बजार नै जीर्ण बनेकाले यी क्षेत्र ओझेलमा परेका छन् ।'

राणाकालमा यहाँ टकमारीमार्फत बनाइएका एक तोला र दुई तोलाका डोली पैसा चलनमा आएका थिए । टक काट्ने पहिलो कालीगढ देवदत्त शाक्य रहेको स्थानीयबासीको भनाइ छ ।

वि.सं. २०१३ मा तत्कालीन राजा महेन्द्र शाहले टक्सारलाई औद्योगिक क्षेत्रको रूपमा घोषणा गरेका थिए । सो समयमा करिब २०० देखि ३०० परिवारको बसोबास रहेको यो बजारमा अहिले बस्ती घट्दै गएको स्थानीयको भनाइ छ । टक्सार बजारको पहिचान जोगाउन संरक्षणसँगै नयाँ बस्ती विस्तारको अवधारणा आवश्यक रहेको स्थानीय बताउने गरेका छन् । *रासस*


FREE VISA! FREE TICKET!! ZERO COST!!!

Riyadh International Catering Corporation, (McDonald's) Saudi

पूर्व स्वीकृति मिति : २०८२/०५/१३ | LT. No. 330195 | चलानी नं. ६०२४४०६६

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | FAST FOOD MAKER | 72 | 0 | 1200 | ४४,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

प्रि-अन्तरवार्ता धमाधम भइरहेको छ । प्रि-अन्तरवार्ता नदिइएको उमेद्वारले फाईनल अन्तरवार्ता दिन पाउने छैनन् ।
फाइनल अन्तरवार्ता हुने स्थानः मुख्य कार्यालय कमलपोखरी, काठमाडौंमा मितिः २०८२ भदौ २२ गते (7 Sep, 2025) मा हुनेछ
सम्पर्क नम्बरः ९८०२३७७४९३, ९८०२३७७४९४, ९८०२३७७४९५

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहार्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः रु १५००/- रोजगारदाता कम्पनीले | सेवा शुल्कः निःशुल्क

बैदेशीक रोजगार विभागबाट गराइएको जानकारीः– १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिज्ञ नियोगको सर्म्पक ठेगाना र फोन नम्बरहरु साथमा राख्नु होला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन(सूचना) मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानु भन्दा अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनु पर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा, अन्य शर्तबारे राम्री पढेर मात्र सम्भौतामा हस्ताक्षर गर्नुहोला, सोको एक प्रति आफु संग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला । अन्यथा ठगिने सम्भावाना हुन्छ ।७) यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क गर्नुहोला ।

tirra RESPONSIBLE RECRUITMENT

Tirra Partners Pvt. Ltd. (Govt. License 1704/081/082)
Kamalpokharai-28, Kathmandu Nepal E-Mail: applications@tirrapartners.com.np
Tel: 977-01-4548020, 4548021, Web: www.tirrapartners.com.np

प्रभाव दैनिक

आइतबार, १५ भदौ २०८२ (Sunday, 31 August 2025)

रूपशाला

## लुना लुइँटेल बनिन् मिस नेपाल



लुना लुइँटेल यस वर्षको मिस नेपाल वर्ल्ड बनेकी छन् । शनिबार ललितपुरको गोदावरीमा सम्पन्न ग्राण्ड फिनालेमा अन्य २५ प्रतिस्पर्धीलाई पछि पार्दै उनी मिस नेपालको टाइटल जित्न सफल भएकी हुन् । उनलाई पूर्वमिस नेपाल आस्मा कुमारी केसीले ताज लगाइदिएकी थिइन् । यस्तै, मिस अर्थ सोनी घले भइन् भने मिस नेपाल इन्टरनेसनको ताज उरूशा भण्डारीले जितिन् । यस्तै दिपशिखा नेपाल फस्ट रनरअप बनिन् ।



# ‘मैले गाउने गीत भावनात्मक र मर्मस्पर्शी हुन्छन्’

**नेपाली संगीत वजारमा जादुमयी स्वर, संगीत र शब्दको कौशलता मार्फत श्रोताको मन मस्तिस्कमा बस्न सफल नाम हो, भुवन प्यासी । प्यासीले गायका र संगीत रचना गरेका दर्जनौ गीतहरू स्रोता रोजाईमा पर्छन र चर्चाको शिखरमा छन् । सांगीतिक कार्यक्रमको सिलसिलामा दुई दर्जन भन्दा बढी देशको सांगीतिक भ्रमण गरिसकेका लोकप्रिय गायक भुवन प्यासी राष्ट्रिय स्तरका बिभिन्न संघ संस्थाबाट अवार्ड, पुरस्कार र सम्मानहरू पनि हात पारिसकेका छन् । गायन पेशामा अब्वल सावित गरि सांगीतिक क्षेत्रमा व्यापारिक सफलता हात पारिसकेका लोकप्रिय आधुनिक गायक भुवन प्यासीसँग प्रभावले गरेको कुराकानीः**

◆ **तपाईंको गायन यात्राको सुरूवात कहिले र कसरी भयो ?**

– सानैदेखि नै म गीत गाउन, गीत लेख्न र विविध सांस्कृतिक कार्यक्रमहरूमा भाग लिन मन पराउँथें । पहिलो पटक स्कुलस्तरीय प्रतियोगितामा गाएको लोक गीतले म प्रथम भई पुरस्कृत हुन सफल भए, यो नै मेरो संगीत यात्राको आधार बनेको हो । त्यसपछि उधोग वाणिज्य संघ, चितवनले २०६६ सालमा आयोजना गरेको चितवन महोत्सवमा आधुनिक गीत गाएर सर्वोत्कृष्ट गायकको पुरस्कार जिते । त्यसपछि २०६७ सालमै ७ वटा गीत रहेको एकल स्वरको गीति एल्बम ‘यादहरू’ प्रकाशन गरे । उक्त एल्बममा भएका सातैवटा गीत स्रोताहरूले औधी मन पराए र नेपाली संगीत बजारमा एल्बम चर्चित बन्यो । पहिलो गीति एल्बम नै चर्चित भएपछि, त्यसैलाई आधार बनाएर गायन पेशामा होमिए । र त्यहीँबाट मेरो गायन यात्राको सुरुवात भयो ।

◆ **तपाईले संगीत क्षेत्रमा व्यावसायिक सफलता पाउनुका मुख्य कारण के के हुन ?**

– मेरो गीत प्रायः नेपाली भाषाका कालजयी मौलिक गीतहरू जस्तै- लोक दोहोरी, आधुनिक, लोक पप, फिल्मी, सामाजिक सन्देश मुलक, राष्ट्रिय गीत र पर्व विशेष विधामा केन्द्रित हुन्छन् । यसको साथै मैले गाउने गीतहरू भावनात्मक, मर्मस्पर्सी, माया-प्रेम विषयमा हुन्छन् । युवा पुस्ताले सजिलै अपनाउन सक्ने धुन र शब्द भएकाले छिट्टै लोकप्रिय हुन्छन । युट्युब, टिकटक, इन्स्टाग्राम, रिल जस्ता डिजिटल प्लेटफर्मले पनि गीतलाई छिट्टै श्रोतासम्म पुऱ्याउन ठूलो सहयोग गरेको छ र संगीत क्षेत्रमा व्यावसायिक सफलता पाउन सजिलो भएको छ ।

◆ **तपाईंलाई सबैभन्दा बढी परिचित बनाउने गीतहरू कुन कुन हुन ?**

– मलाई सबैभन्दा बढी परिचित बनाउने दर्जनौं गीतहरू छन्, जसमा ‘ट्राफिक जाम’, ‘झम्के झम्के’, ‘मान्छे भुइमा ढल्छ’, ‘हे बरै’, ‘लेहेङ्गा हरर’, ‘माइली’, ‘यो देशको लागि’, ‘पहिल्यै भेटी’, ‘यो पागल मन’, ‘मखमली’, ‘हल्का हल्का चुम्न देऊ न काली’, ‘ईन्गेजमेन्ट’, ‘ यो मनको आकाशमा’, ‘ढल्क्यो टोपी शिरैमा’, ‘ खायो बरै भमराले’ र अन्य थुप्रै गीतहरू छन् । ‘ट्राफिक जाम’ गीतले मलाई धेरैले चिने । त्यसपछि ‘झम्के झम्के’, ‘हे बरै’, ‘लेहेङ्गा हरर’ जस्ता गीतहरूले पनि नेपाली संगीत बजारमा निकै राम्रो ब्यवसाहिक सफलता दिलाए ।

◆ **व्यापारिक दृष्टिले नेपाली संगीत बजारको अवस्था कस्तो देख्नुहुन्छ ?**

– अहिलेको नेपाली संगीत बजार ब्यापक फरक भइसकेको छ । राम्रो गीत र भिडियो उत्पादन गर्न सके तुरुन्तै व्यापारिक सफलता पाउन सकिन्छ । तर प्रतिस्पर्धा पनि उत्तिकै कडा छ । सामाजिक सञ्जाल प्लेटफर्महरू र डिजिटल प्लेटफर्महरूमा बिज्ञापन गर्न सक्यो वा श्रोतालाई नयाँ स्वाद दिन सक्ने हो भने मात्र सफलता हात पार्न सकिन्छ ।

◆ **गायन पेशामा लागेर तपाईंको जीवनमा कस्तो परिवर्तन ल्याएको छ ?**

– यसले मलाई आत्मविश्वासी बनाएको छ । समाजमा ईज्जत, प्रतिष्ठा बढाएको छ । ठूलो दर्शक-श्रोता वर्गसँग नजिक हुन पाएको छु । म्युजिक उत्पादन कम्पनिहरू, नाफामुखी, गैर-नाफामुखी संघसंस्थाहरू आवद्ध भई सहकार्य गर्न पाएको छु र साथै, गायन पेशालाई करिअर मात्र होइन, स्थायी रोजगारीको रूपमा पनि लिन सकिने रहेछ भन्ने विश्वास बढाएको छ ।

◆ **आज तपाईं सफल र सक्षम गायकको रूपमा चिनिनुको राज के हो ?**

– पहिलो कुरा गीतलाई लोकप्रियताको साथै व्यवसायिक दृष्टिले पनि बुझ्नुपर्छ । राम्रो सिर्जना गरेर मात्र हुदैन, त्यसलाई बजारमा पुऱ्याउने सही र उचित रणनीति पनि महत्त्वपूर्ण हुन्छ । सोसियल र डिजिटल प्लेटफर्म, स्टेज कार्यक्रम, मेला महोत्सव, सांस्कृतिक कार्यक्रम र ब्रान्ड पार्टनरशिप–यी सबैले आम्दानी बढाउन सहयोग गर्छन् भन्ने कुरा बुझेपछि सफल र सक्षम भईदो रहेछ ।

◆ **गायन पेशालाई व्यवसायिक रूपमा अघि बढाउँन कुन-कुन कुरामा ध्यान दिनु पर्छ जस्तो लाग्छ ?**

– बजारको माग अनुसार गुणस्तरीय गीत, आकर्षक भिडियो, गीतको प्रमोशन, दक्षता प्राप्त भएको म्युजिक उत्पादन तथा वितरण गर्ने कम्पनि, सामाजिक सञ्जाल र विश्वव्यापी डिजिटल वितरण गर्ने जस्ता कुरामा ध्यान दिनु पर्छ । यी सबै पक्षमा काम नगरेसम्म गीतले सफलता पाउँदैन जस्तो लाग्छ मलाई ।

◆ **व्यापारिक सफलताले कलाकारलाई कस्तो प्रभाव पार्छ ?**

– व्यापारिक सफलताले कलाकारलाई आत्मविश्वास बढाउँछ, नयाँ संगीत सिर्जनामा लगानी गर्ने अवसर दिन्छ । तर केवल पैसामात्र हेरेर संगीत गर्ने हो भने गुणस्तरीय गीत बन्दैनन् र कलाकार कमजोर हुन्छ। त्यसैले सन्तुलन राख्नु जरुरी छ ।

◆ **तपाईको आगामी योजना के छन् ?**

– म अन्तर्राष्ट्रिय स्तरमा नेपाली गीत-संगीत, संस्कृति र सम्पदाको विकास, विस्तार होस भन्ने चाहन्छु । म अहिले अन्तर्राष्ट्रिय स्तरमा पनि आफ्ना गीत पुऱ्याउने योजना बनाइरहेको छु । विश्व बजारमा नेपाली गीतको पहिचान बढाउने उद्देश्यले नयाँ प्रोजेक्टमा काम गर्ने तयारिमा छु ।

◆ **नयाँ पुस्ताका कलाकारलाई तपाईंको सन्देश के छ ?**

– धैर्यता र निरन्तर मेहनत नै सफलता प्राप्त गर्ने आधार हो । संगीतमा व्यापारिक सफलता पनि सम्भव छ, तर यसको आधार कला र साधना नै हो । राम्रो सिर्जना गर्ने, निरन्तर अभ्यास गर्ने र आधुनिक बजारसँग तालमेल राख्ने हो भने सफलता आफैं आउँछ । डिजिटल प्लेटफर्मको सदुपयोग गर्नुपर्छ, तर नेपाली संगीतमा मौलिकता हराउन नदिनु जरुरी छ, नयाँ पुस्ताका कलाकारलाई यहि सन्देश दिन चाहन्छु ।

## डा. राईका तीन कृति एकैसाथ लोकार्पण



**काठमाडौं (प्रस)–** रावासावा प्राज्ञिक समाज नेपालद्वारा अयोजित ललितकला प्रज्ञाप्रतिष्ठानमा साहित्यकार डा. सुकराज राई (चमा थुलुङ)का तीन कृति एकैसाथ लोकार्पण गरिएको छ । माननीय रक्षामन्त्री मानवीर राईको प्रमुख अतिथिमा सो कृति लोकार्पण गरिएको हो । शुक्रबार भएको एक समारोहबीच रावासावा प्राज्ञिक समाज नेपालका अध्यक्ष बम वाणियाको अध्यक्षतामा सम्पन्न भएको उक्त कृतिहरू ‘थुलुङ मुन्धुममा सृष्टि, संस्कार र संस्कृति’ (थुलुङ मुन्दुम दर्शन) ‘मियाप्मा’ (महाकाव्य) र ‘मेरी अर्की पारिजात दिदी’ (कथासङ्ग्रह) रहेका छन् ।

कार्यक्रममा मन्तव्य दिँदै रक्षामन्त्री राईले वर्तमान गणतन्त्रलाई असफल बनाउन विविध समूह सक्रिय रहेको उल्लेख गर्दै बैंकको ऋण तिर्न नसक्ने वा सहकारी घोटालामा संलग्नहरू समेत प्रणालीविरुद्ध लाग्नु विडम्बना भएको टिप्पणी गरे । उनले राजनीतिक प्रतिशोधका नाममा सरकारलाई दोषारोपण गर्नुको कुनै औचित्य नभएको पनि बताए । पुस्तक लेखन अनुभव सुनाउँदै डा. सुकराज राईले वरिष्ठ कवि जसराज किरातीप्रतिको उच्च सम्मान व्यक्त गरे । उनले ‘हामी लेखक बन्नुमा जसराज किरातीको योगदान छ, उहाँको सिकाइँ र प्रेरणाले नै आज लेखक भएको छु’, भन्दै कृतज्ञता प्रकट गरे ।

विमोचित कृतिहरूमाथि टंक भट्टराई, डा. धनप्रसाद सुवेदी र डा. विष्णु राईले समीक्षा तथा बिमर्श प्रस्तुत गरेका थिए । सोही अवसरमा नेपाल ललितकला प्रज्ञाप्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले पुस्तक प्रकाशनप्रति शुभकामना व्यक्त गरेका थिए । कार्यक्रममा पूर्वसंविधानसभा सदस्य माननीय विशाल भट्टराई, राष्ट्रिय वाङ्मय कला प्रतिष्ठानका पूर्वअध्यक्ष विष्णु आभूषण, वरिष्ठ कवि जसराज किराती, कानुनविद् देवराज कटुवाललगायत उपस्थिति रहेको थियो ।

## कोइरालाको कविता संग्रह ‘प्रेम शंकु’को सार्वजनिक


**चितवन (प्रस)–** नेपाली कांग्रेसका नेता कैलाश कोइरालाको कविता संग्रह ‘प्रेम शंकु’को विमोचन गरिएको छ । नेपाली कांग्रेसका नेता डा शशांक कोइरालाले शनिबार आयोजित एक कार्यक्रममा उक्त पुस्तकको विमोचन गरेका हुन् । माया, प्रेम र राजनीतिसँग सम्बन्धित रहेर लेखिएको कविता संग्रह सार्वजनिक गरिएको लेखक कोइरालाले बताए । उनका अनुसार उक्त संग्रहमा ५५ वटा कविता समावेश छन् । यसअघि उनका राजव्यूह र शास्त्र उपन्यास प्रकाशित भइसकेका छन् । राजनीतिक क्षेत्रमा क्रियाशील कोइरालाले आफ्नो फुर्सदको समयलाई लेखन क्षेत्रमा लगाएको बताए । कांग्रेसका नेता डा कोइरालाले कविता संग्रहको प्रशंसा गर्दै आगामी दिनमा लेखन क्षेत्रमा सक्रियताका साथ लाग्न लेखक कोइरालालाई शुभकामना दिए । पार्टीलाई कसरी अगाडि लैजानुपर्छ भनेर आफूले खाका बनाएको बताउँदै उनले बिपी कोइरालाले बनाएको विधानअनुसार पार्टी सभापतिका लागि मात्र निर्वाचन हुनपर्ने धारणा राखे ।

रंगशाला

**नेपाल-साउथ अस्ट्रेलिया सिरिज**

# रोहितको शतकमा नेपाल विजयी

■ प्रभाव संवाददाता



**काठमाडौं** – कप्तान रोहितकुमार पौडेलको अविजित शतकसँगै नेपालले अभ्यास खेलमा साउथ अस्ट्रेलियासँग जित हात पारेको छ । शनिबार सम्पन्न खेलमा नेपाल २ विकेटले विजयी भएको हो । साउथ अस्ट्रेलियाले दिएको २४३ रनको लक्ष्य नेपालले ५ बल बाँकी रहँदा ८ विकेटको क्षतीमा पूरा गरेको हो ।

नेपालका रोहितले अविजित १०१ रन बनाए । उनले सोमपाल कामीसँग अर्धशतकीय साझेदारी गरेका थिए । सोमपाल ३८ रनमा अविजित रहे ।

गुल्शनकुमार झाले ३६ रनको योगदान दिए । त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको साउथ अस्ट्रेलियाले निर्धारित ४५ ओभरमा सबै विकेट गुमाउँदै २४२ रन बनाएको थियो ।

साउथ अस्ट्रेलियाका ह्यारी मानेन्तीले सर्वाधिक ६३ रन बनाए । दुवित हूगानबोजम ५३, रायन किङ ३५ र म्याकेन्जी हार्भेले २४ रन बनाए । नेपालका नन्दन यादव र सोमपाल कामीले समान ३ विकेट लिए । सन्दीप लामिछाने, शाहब आलम र रूपेश सिंहको नाममा समान १ विकेट रह्यो ।

**नेपाल-आसाम प्रदेश क्रिकेट**

# नेपाल ‘ए’को लगातार दोस्रो जित

■ प्रभाव संवाददाता



**काठमाडौं–** भारत भ्रमणमा रहेको नेपाल ‘ए’ ले तेस्रो अभ्यास खेलमा लगातार दोस्रो जित हात पारेको छ । नेपालले शनिबार सम्पन्न घरेलु टोली आसाम प्रदेश क्रिकेट संघलाई ९ रनले पराजित गर्दै दोस्रो जित हात पारेको हो ।

योसँगै जितसँगै ५ खेलको सिरिज २-१ ले नेपाल अगाडि रहेको छ । पहिलो खेलमा नेपाल नेपाल डक वर्थ लेविस (डीएसएल) पद्धतिका आधारमा १५ रनले पराजित भएको थियो भने दोस्रो खेलमा नेपालले शुक्रबार ९६ रनको जित हात पारेको थियो । शनिबार पहिले ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा ६ विकेटको क्षतिमा १९६ रन बनाएको थियो ।

नेपालले दिएको १९७ रनको लक्ष्य पछ्याएको आसामले २० ओभरमा ओभरमा ९ विकेट गुमाउँदै १८७ रन मात्रै बनाएपछि नेपालले लगातार दोस्रो जित हात पारेको हो ।

आसामका लागि निहार डेकाले ४०, कप्तान घाडीगाँउकरले ३६, अब्दुल अजिज कुरेशीले अविजित ३१, साहिल जैनले २४ र शिवशंकर रोय ११ रन बनाए । नेपालका लागि विवेकमुमार यादव, बसिर अहमद, आकाश चन्द र कमलसिंह ऐरीले समान दुई तथा आदि अलाम अन्सारीले एक विकेट लिए ।

त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै १९६ रनको योगफल तयार पारेको थियो ।

नेपालका लागि सन्दीप जोराले ४८ बलमा ६ चौका र चार छक्काको मद्दतले सर्वाधिक ७४ रनको योगदान गरे । यसैगरी आदिल आलम अन्सारीले ३५, तृतराज दासले ३३ र कप्तान अनिलकुमार साहले ३१ रन बनाए ।

आसामका लागि आकाश सेनगुप्ताले दुई तथा मरिनमोय दत्त अभिनव चौधरी र शिव शंकर रोयले समान एक विकेट लिए । शृंखलाको चौथो खेल आइतबार हुनेछ ।



पाकिस्तानको लाहोरमा रावी नदीको बाढीले डुबानमा परेका आवासीय भवनहरू । *तस्विरः एएफपी*

# अमेरिकामा फेरि चुलिँदै महँगी

**न्युयोर्क–** संयुक्त राज्य अमेरिकामा जुलाई महिनाको आधारभूत महँगी २.९ प्रतिशतले बढेको छ, जुन चालु वर्षको फागुन महिनापछिको सबैभन्दा उच्च स्तर हो । अमेरिकी आर्थिक विश्लेषण विभागले शुक्रबार सार्वजनिक गरेको तथ्यांकअनुसार यस्तो देखिएको हो ।

आधारभूत मूल्यवृद्धि भन्नाले खाद्यान्न र इन्धनजस्ता दैनिकरूपमा उतारचढाव हुने वस्तुहरूलाई हटाएर बाँकी वस्तु तथा सेवाहरूको मूल्यमा आएको परिवर्तनलाई जनाइन्छ । जुन महिनाको तुलनामा यो दर ०.३ प्रतिशतले वृद्धि भएको छ, जुन आर्थिक जानकारहरूको अनुमानसँग मेल खाएको बताइएको छ । स्थानीय सञ्चारमाध्यमहरूका अनुसार मूल्यवृद्धिको गति अपेक्षाकृत मन्द देखिएकाले सेप्टेम्बर महिनामा ऋणको ब्याजदर घट्ने सम्भावना रहेको उल्लेख गरिएको छ ।

संयुक्त राज्य अमेरिकामा आर्थिक अवस्था आँकलन गर्ने मुख्य सूचकको रूपमा रहेको उपभोग व्यय मूल्य सूचकांक अनुसार अमेरिकामा बसोबास गर्ने नागरिकहरू वा तिनीहरूका तर्फबाट किनमेल गरिने वस्तु तथा सेवाहरूको मूल्य यही माध्यमबाट मापन गरिन्छ ।



## 'भन्सार शुल्क लगाउने ट्रम्पको निर्णय गैरकानुनी'

अमेरिकी अदालतले राष्ट्रपति डोनाल्ड ट्रम्पले लगाएका विश्वव्यापी भन्सार शुल्कहरूलाई अवैध ठहर गरेको छ । शुक्रबार भएको ७-४ को बहुमतको फैसलामा अदालतले ट्रम्पले आपत्कालीन आर्थिक अधिकारको दुरूपयोग गर्दै कानुनी सीमाभन्दा बाहिर गएर शुल्क लगाएको स्पष्ट पारेको हो ।

हाल ती शुल्कहरू तत्काल हटाउनु नपर्ने भए पनि अदालतले तिनीहरूलाई आगामी (अक्टोबर) महिनासम्म मात्र कायम रहने जनाएको छ । यसले ट्रम्पलाई सर्वोच्च अदालतमा अपिल गर्ने समय दिएको छ ।

सन् २०२५ को जनवरीमा दोहोरिएको राष्ट्रपतिको कार्यकाल सुरु गरेपछि ट्रम्पले अन्तर्राष्ट्रिय आपत्कालीन आर्थिक अधिकार ऐन (आइइपिए) को प्रयोग गर्दै अधिकांश व्यापारिक साझेदारहरूमाथि पारस्परिक भन्सार शुल्क लगाएका थिए । ती शुल्कको प्रारम्भिक दर १० प्रतिशत थियो भने केही मुलुकहरूमा अझ बढी दर तोकिएको थियो ।

मेक्सिको, क्यानडा र चीनमाथि उनले लागुपदार्थको ओसारपसार नियन्त्रण गर्न भन्दै छुट्टै शुल्कसमेत लगाएका थिए । तर अदालतको निर्णयमा भनिएको छ, 'राष्ट्रपतिलाई आपत्कालीन अवस्था घोषणा गरेपछि विभिन्न कदम चाल्ने अधिकार छ, तर त्यो अधिकारले भन्सार शुल्क वा कर लगाउने विषयलाई समेट्दैन ।'

यस फैसलाले ट्रम्पको व्यापार तथा आर्थिक नीतिमा गम्भीर असर पार्ने देखिएको छ । यदि सर्वोच्च अदालतले पनि यस्ता शुल्कहरूलाई अवैध ठहर गरेमा, विगत केही वर्षमा उठाइएको अर्बौं डलर सरकारलाई फिर्ता गर्नुपर्ने अवस्था आउन सक्छ । फैसलापछि ट्रम्पले आफ्नो सामाजिक सञ्जाल ट्रुथ सोसलमा प्रतिक्रिया दिँदै भने, 'अदालतले गलत फैसला गरेको छ, तर अन्ततः अमेरिकाले जित्ने छ ।' उनले सर्वोच्च अदालतमा मुद्दा लड्ने चेतावनी दिए ।

विश्लेषकहरूका अनुसार यस निर्णयले युरोपेली संघलगायतका प्रमुख व्यापारिक साझेदारहरूसँग भएका सम्झौतामासमेत अन्योलता सिर्जना गरेको छ । *रासस/सिन्ह्वा/एएफपी*

### भारतीय उद्योगमन्त्री भन्छन्

## आत्मनिर्भर अर्थतन्त्रको बलमा अगाडि बढ्नेछौं

**नयाँ दिल्ली–** अमेरिकाले भारतबाट आयात हुने थुप्रै वस्तुहरूमा ५० प्रतिशतसम्म भन्सार शुल्क लगाउने निर्णय गरेपछि भारतका वाणिज्यमन्त्री पियुष गोयलले नयाँ दिल्लीमा शुक्रबार आयोजित एक कार्यक्रममा बोल्दै भने, 'भारत सधैं निष्पक्ष र सम्मानजनक व्यापारमा विश्वास राख्छ । तर हामी कहिल्यै झुक्दैनौं, न त कमजोरी देखाउँछौं ।' उनका अनुसार भारतले अन्तर्राष्ट्रिय बजारमा नयाँ सम्भावनाको खोजी गर्दै विश्वव्यापी निर्यात विस्तारमा केन्द्रित हुने छ । उक्त भन्सार शुल्क अमेरिकाले भारतले रुसबाट आयात गर्ने कच्चा तेललाई कारण देखाउँदै लगाएको हो । यो कदमसँगै भारत-अमेरिका व्यापार सम्बन्धमा केही तनाव देखिएको छ ।



भारतले यसअघि नै ती शुल्कहरूलाई 'अन्यायपूर्ण र अविवेकी' भन्दै असहमति जनाएको थियो । अहिले दुवै मुलुकबीच कृषि र डेरी क्षेत्रको पहुँचबारे भएको व्यापार वार्ता पनि निष्कर्षमा पुग्न सकेको छैन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प अमेरिकी उत्पादनलाई भारतीय बजारमा बढी पहुँच दिन चाहन्छन् भने भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले देशका किसानहरूको हित जोगाउन प्राथमिकता दिएका छन् । सन् २०२४ मा अमेरिका भारतको सबैभन्दा ठूलो निर्यात गन्तव्य बनेको थियो, जहाँबाट ८७ अर्ब अमेरिकी डलरभन्दा बढीको वस्तु निर्यात गरिएको थियो । विश्लेषकहरू यति ठूलो भन्सार शुल्कले खासगरी साना उद्योग र निर्यातकर्तालाई गम्भीर असर पार्न सक्ने बताए ।

पहिले नै कपडा, गहना र समुद्री उत्पादन निर्यात गर्ने व्यवसायीहरूले अमेरिकी अर्डरहरू रद्द भएको र प्रतिस्पर्धी राष्ट्रहरू जस्तै बंगलादेश तथा भियतनामले त्यसको फाइदा उठाएको बताए । मन्त्री गोयलले सरकार चाँडै नै सबै क्षेत्रका निर्यातकर्ताहरूलाई सहयोग गर्ने विशेष योजना ल्याउन लागेको जानकारी दिए । उनले भने, 'म विश्वस्त छु, चालु वर्षमा भारतको निर्यात अघिल्लो वर्षको तुलनामा अझ बढ्ने छ ।' *रासस/एएफपी*

## गाजा सहरबाट प्यालेस्टिनी नागरिकलाई पूर्णतया हटाउन 'असम्भव': आइसिआरसी प्रमुख



**जेनेभा–** अन्तर्राष्ट्रिय रेडक्रसकी प्रमुख मिर्जाना स्पोल्जारिकले शनिबार इजरायली सेनाले कब्जा गर्नुअघि गाजा सहरलाई सामूहिकरूपमा खाली गराउने इजरायलको योजनाको भर्त्सना गरेकी छन् । उनले यो कार्य सुरक्षितरूपमा गर्न सकिने कुनै उपाय नभएको बताएकी छन् ।

अध्यक्ष स्पोल्जारिकले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'वर्तमान परिस्थितिमा गाजा सहरको सामूहिक उद्धार सुरक्षित र मर्यादित तरिकाले गर्न असम्भव छ । यस्तो स्थानान्तरणले गाजा पट्टीको कुनै पनि क्षेत्रले अवशोषित गर्न नसक्ने ठूलो जनसंख्याले नागरिक पूर्वाधारको व्यापक विनास र खाना, पानी, आश्रय र चिकित्सा सेवाको चरम अभावलाई ध्यानमा राख्दै आन्दोलनलाई निम्त्याउने छ ।'

करिब दुई वर्षको युद्धपछि प्यालेस्टाइनको सबैभन्दा ठूलो गाजा सहरलाई कब्जा गर्ने तयारीमा रहेको इजरायली सेनाले शुक्रबार 'खतरनाक युद्धक्षेत्र' घोषणा गरेपछि उनको यो टिप्पणी आएको हो । इजरायली सेनाले तत्काल सर्वसाधारणलाई अन्यत्र सार्न आह्वान नगरे पनि सेनाका अरबी भाषाका प्रवक्ता अविचय अद्रैले बुधबार सहरको स्थानान्तरण 'अपरिहार्य' भएको बताएका छन् ।

इजरायलले गाजामा आफ्नो विनासकारी आक्रमण अन्त्य गर्न देश र विदेशमा बढ्दो दबाबको सामना गरिरहेको छ, जहाँ जनसंख्याको विशाल बहुमत कम्तीमा एक पटक विस्थापित भएको छ र संयुक्त राष्ट्रसंघले त्यहाँ अनिकालको घोषणा गरेको छ ।

राष्ट्रसंघको अनुमानअनुसार खाली गर्ने भनिएको गाजा क्षेत्रमा हाल करिब १० लाख मानिस बसोबास गर्छन्, जसमा गाजा सहर र यसको वरपरको क्षेत्र समावेश छ । स्पोल्जारिकले भनिन्, 'खाली गर्ने कुनै पनि आदेश पहिले नै महिनौंको लडाइँबाट आघातमा परेका र अब के हुन सक्छ भनेर भयभीत 'नागरिकहरूमा लागू गरिने छ । यो मानवीय दृष्टिकोणले 'असम्भव' छ ।'

'भोकमरी, बिरामी, घाइते वा शारीरिक अशक्तताबाट पीडित भएका कारण धेरैले खाली गर्न दिइएका आदेशहरू पालना गर्न असमर्थ रहने छन्,' उनले भनिन्, 'सबै नागरिकहरू अन्तर्राष्ट्रिय मानवीय कानुन (आइएचएल) द्वारा संरक्षित छन्, चाहे उनीहरू छोड्छन् वा त्यहीँ बस्छन्, र घर फर्कन अनुमति दिनुपर्छ ।' *रासस/एएफपी*

## हरित ऊर्जा प्रवर्द्धनका लागि मलेसियाको ऐतिहासिक निर्णय



**क्वालालम्पुर–** मलेसिया सरकारद्वारा नवीकरणीय ऊर्जा प्रवाहका लागि विद्युत् सञ्जालको प्रयोगबापत लाग्ने शुल्कमा ४० प्रतिशतसम्मको कटौती गरिएको छ । ऊर्जा रूपान्तरण तथा पानी मन्त्रालयले यो निर्णय दुईवटा विशेष योजनाअन्तर्गत लागू गरेको हो ।

शुक्रबार प्रकाशित विज्ञप्तिमा मन्त्रालयले जानकारी गराएअनुसार चालु वर्षको अगस्ट १ गतेदेखि लागू भएको नयाँ विद्युत् दर संरचनाअनुसार प्रणाली पहुँच शुल्क तथा सामुदायिक पहुँच शुल्कमा पुनरवलोकन गरी समायोजन गरिएको छ । यस समायोजनमार्फत शुल्क गणनामा पारदर्शिता कायम गर्दै उपभोक्तामाथि दोहोरो भार नपर्ने व्यवस्था मिलाइएको बताइएको छ ।

सामुदायिक नवीकरणीय ऊर्जा समूह संयन्त्रअन्तर्गत लाग्ने पहुँच शुल्क पहिलेको १५ साना एकाइबाट घटाएर नौ साना एकाइ निर्धारण गरिएको छ । त्यसैगरी कर्पोरेट नवीकरणीय ऊर्जा आपूर्ति योजनाअन्तर्गत पक्का आपूर्तिका लागि प्रणाली पहुँच शुल्क २५ साना एकाइबाट घटाएर २० साना एकाइ तथा अपक्का आपूर्तिका लागि ४५ साना एकाइबाट घटाएर ४० साना एकाइ कायम गरिएको छ । मन्त्रालयले सो निर्णयले देशभित्र हरित ऊर्जा प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरेको छ, साथै निजी तथा संस्थागत लगानीकर्ताहरूलाई आकर्षित गर्ने र दिगो ऊर्जा लक्ष्य प्राप्तिमा सहयोगी हुने छ । *रासस/सिन्ह्वा*


**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८२/०५/१५**

**राम्रो ग्रुप प्रा.लि.**को मिति २०८२/०५/०४ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **राम्रो घरजग्गा ग्रुप प्रा.लि. (दर्ता नं. ३३५१९४)** कायम गर्ने गरी मिति २०८२/०५/०८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८२/०५/१५**

**भेटेरीनरी एण्ड एग्रिकल्चर नेपाल सर्भिस प्रा.लि.**को मिति २०८२/०४/१६ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **बि.एम.बि. भेटेरीनरी हस्पिटल प्रा.लि. (दर्ता नं. २६९८६६)** कायम गर्ने गरी मिति २०८२/०५/०९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कृष्णपूर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**गुलरिया, कञ्चनपूर**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृतिका लागि छनौट गर्ने आशयको सूचना**

यस कार्यालयबाट प्रकाशित आन्तरिक आय संकलनको सूचना बमोजिम उल्लेखित म्यादभित्र दर्ता हुन आएका बोलपत्रहरूको मूल्यांकन हुँदा अधिकतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही बोलपत्र देहाय बमोजिम ठहरी स्वीकृतीका लागि छनौट भएकोले यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाता | कबोल अंक (मु.अ.कर सहीत) रु. |
|---|---|---|---|
| 01-IR-2082/083 | सडक सेवा शुल्क (पूर्व पश्चिम राजमार्ग बाहेक कृष्णपूर नगरपालिकाबाट निर्मित तथा मर्मत गरिएका सबै शाखा सडक) | श्री यमुना निर्माण सेवा, धनगढी उपमहानगरपालिका- ५ कैलाली | ३६,३५,०००/- |

अन्य सवै बोलपत्र दाताहरूलाई समेत यसै सुचनाबाट जानकारी गराइएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

**CYPRUS मा रोजगार** कम्पनी : A.T. CRYSTAL CLEAN SOLUTIONS — सेवा शुल्कः ५५,०००

पूर्व स्वीकृति मिति : २०८२/०१/२४ | LT. No. 323242 | चलानी नं. ६०२३७२३४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DOMESTIC WORKER | 0 | 10 | 400 | ६५,३९५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | NURSING CARE | 0 | 10 | 750 | १२२,६२० | | | | | | | |
| 3 | EMPLOYEE | 0 | 5 | 700 | ११४,४४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ २२ गते (7th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Kathmandu International Incorporate Pvt. Ltd.** श्रम ईजाजत नं. ४४१/०६०/६१
Tokha Municipality-10, Samakhushi, Kathmandu, Phone No: 01-4960635, 4952265
4960635 Mobile No. : 9816501787, 9851009805 Email : kiimanpowernepal@gmail.com

**साउदीमा रोजगार** कम्पनी : INFRASTRUCTURE HORIZON CONTRACTING COMPANY.

पूर्व स्वीकृति मिति : २०८१/११/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/१३ | LT. No. 319639 | चलानी नं. ६०२३३८८३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | oading & Unloading Workers | 1 | 0 | 1000 | ३७,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ २२ गते (7th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**WORKFORCE SERVICES PVT. LTD.** श्रम ईजाजत नं. १७२/०५६/५७
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np

**साउदी/ओमनमा रोजगार** कम्पनी : NES GLOBAL ARABIA COMPANY LIMITED

पूर्व स्वीकृति मिति : २०८२/०२/१९ | LT. No. 325025 | चलानी नं.६०२३८९८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Oil & Gas Wells Lining Worker | 1 | 0 | 1200 | ४५,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : INTERNATIONAL FACILITIES MANAGEMENT

पूर्व स्वीकृति मिति : २०८०/११/१३ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०५/१४ | LT. No. 300561 | चलानी नं. ६०२१५४५३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Female Cleaner | 0 | 12 | 100 | ३६,६८४ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Male Cleaner | 11 | 0 | 100 | ३६,६८४ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ २२ गते (7th Sep . 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**All Asia Overseas Pvt.Ltd** श्रम ईजाजत नं. १३०५/०७४/०७५
Ratopul, Gaushala-7, Kathmandu, Nepal, Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

प्रभाव दैनिक National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला – २००६०० | प्रति तोला – ० | प्रति तोला – २३६० |



**बजार लाने तयारीमा स्याउ** | मुस्ताङको थासाङ गाउँपालिका-१ टुकुचे गाउँका किसान निरज तुलाचनको बारीमा लटरम्म फलेको स्याउ टिपेर बजार लैजाने तयारी गर्दै व्यापारी । दसैं तिहारलाइ लक्षित गर्दै उनीहरूले स्याउ बजारमा बिक्रीको लागि लैजान लागेका हुन् । *तस्बिर: सुशीलबाबु थकाली/रासस*

# कोहलपुर-सुर्खेत प्रसारण लाइन सम्पन्न गर्न निर्देशन

■ प्रभाव संवाददाता

**काँक्रेविहार–** कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले निर्माणाधीन कोहलपुर-सुर्खेत १३२ केभी प्रसारणलाइनको बाँकी काम चाँडो सम्पन्न गर्न निर्देशन दिएका छन् ।

प्रसारणलाइनअन्तर्गत सुर्खेतदेखि बाँकेको कोहलपुरसम्म बनेका विभिन्न संरचनाको निरीक्षण गर्दै शनिबार उनले जनस्तरमा देखिएका समस्या समाधान भइसकेकाले अब निर्माणमा ढिलाइ गर्न नहुने बताए । मुख्यमन्त्री कँडेलले आउँदो तिहारसम्म प्रसारणलाइनअन्तर्गत 'फिल्ड'को काम सकेर सबस्टेसनमा विद्युत् जोड्ने गरी काम सम्पन्न गर्न आयोजना कार्यालयलाई निर्देशन दिए ।

उनले सुर्खेत र कोहलपुरस्थित १३२ केभी प्रसारणलाइनको सबस्टेसन, गाभर निर्माणाधीन टावर अवलोकन गर्नाका साथै बाँके र बर्दिया राष्ट्रिय निकुञ्ज तथा प्रसारणलाइनका कर्मचारीसँग बाँकी कामबारे छलफल गरे ।

चिसापानी गाभरमा सरोकार भएकासँगको छलफलमा सङ्घीय वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरी पनि सहभागी थिए । मुख्यमन्त्री

▸▸ मुख्यमन्त्री कँडेलले आउँदो तिहारसम्म प्रसारणलाइनअन्तर्गत 'फिल्ड'को काम सकेर सबस्टेसनमा विद्युत् जोड्ने गरी काम सम्पन्न गर्न आयोजना कार्यालयलाई निर्देशन दिए ।

कँडेलले संस्थागत क्षमता बढाएर कामलाई छिटो छरितो सम्पन्न गर्नतर्फ ध्यान दिन आग्रह गरे । उनले निकुञ्जका कर्मचारीलाई कर्णालीवासीको दिनचर्यासँग जोडिएको राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनामा देखिएको अवरोधलाई स्थानीयस्तरबाटै समाधान गर्न पहलकदमी लिन जोड दिए ।

वनमन्त्री शाहीले अधिकतम प्राथमिकतामा राखेर काम अघि बढाइए पनि केही ढिला हुन पुगेको बताए । 'मन्त्रालयका तर्फबाट गर्नुपर्ने काम हामी गर्छौं, गरिरहेकै छौं । बाँकी समस्या देखिए लेखेर पठाउनुस्, मन्त्रालयस्तर र मन्त्रिपरिषद्बाट निर्णय गर्नुपर्ने भए गर्छौं, काम कुनै पनि कारणले रोकिनुहुँदैन', उनले भने ।

छलफलमा बर्दिया राष्ट्रिय निकुञ्जका वार्डेन अशोक रामले रुख कटान गरिसकेकाले काठ ल्याउन र बाँकी रूख कटान र ढुवानीमा ढिलाइ नगर्ने प्रतिबद्धता जनाए । आयोजना प्रमुख रवि चौधरीले १६२ वटा टावरमध्ये तीनवटा मात्र निर्माण गर्न र १० किमी लाइन तान्न बाँकी रहेको जानकारी दिए । बाँके बानियाँभारमा खेतको पानीले गर्दा टावरको जग खन्न ढिलाइ भएको र पानी कम हुनेबित्तिकै यसलाई पूरा गरिने उनको भनाइ छ ।

यसअघि बाँकेको बानियाँभार, गाभर र सुर्खेतको सुब्बाकुनामा मुआब्जा विवाद थियो । सरकारले राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको हकमा मुआब्जा नीतिमा फेरबदल गरेपछि यो विवाद समाधान भएको जनाइएको छ । साथै आयोजनाले भौगोलिक जटिलताले रूख काट्न र ढुवानी गर्न समस्या हुने केही स्थानमा 'ड्रोन'को सहायताबाट लाइन जोड्ने तयारी गरेको छ । बाँकेको कोहलपुरबाट सुरु भएर सुर्खेतको वीरेन्द्रनगर ११, स्थित सुब्बाकुना सबस्टेसन पुगेर टुंगिने प्रसारणलाइनको दूरी ५२ किलोमिटर छ ।

# कोदोको बिस्कुट उत्पादन गर्न उद्योग स्थापना

■ प्रभाव संवाददाता

**म्याग्दी –** म्याग्दीको रघुगंगा, मंगला गाउँपालिका र बेनी नगरपालिकाको सिमानामा रहेको पर्यटकीयस्थल टोड्केमा रैथाने बाली प्रसोधन गरेर बिस्कुट उत्पादन गर्ने उद्योग स्थापना भएको छ ।

गण्डकी प्रदेश सरकार र रघुगंगा गाउँपालिकाको सहयोगमा झिँका कृषक समूहले टोड्के हिल रिसोर्ट तथा होमस्टेमा कोदोलगायत रैथाने बालीको प्रशोधन गरेर बिस्कुट उत्पादन गर्ने उद्योग स्थापना गरेका हुन् । परम्परागत जौं, उवा, कोदो र फापरको पिठोबाट बिस्कुट बनाउने उद्योगको परिक्षण सफल भएको रघुगंगा गाउँपालिका-५ का वडाध्यक्ष मनबहादुर शेरमञ्जाले बताए ।

'गाउँपालिकाले उपलब्ध गराएको उपकरण जडान गरेर परिक्षणका लागि कोदोको बिस्कुट उत्पादन भएको छ,' उनले भने, 'अर्को चरणमा फापर, जौ र उवाको पनि बिस्कुट बनाउने तयारी छ ।' कोदो, फापर, जौ र उवा पिस्ने मिल, प्रसोधन र पिठो पकाएर बिस्कुट बनाउने उपकरण ल्याएर जडान गरिएको छ ।

समुन्द्रि सतहदेखि दुई हजार ३०० मिटर उचाइमा रहेको टोड्केबाट सुर्योदय, पहाडी भूगोल, धौलागिरी र अन्नपूर्ण हिमशृंखलाको अवलोकन गर्न सकिन्छ । टोड्के हिल रिसोर्ट तथा होमस्टेका सञ्चालक भिम शेरचनले उद्योगले स्थानीय किसानले उत्पादन गरेको रैथाने बालीको खपतका साथै टोड्केको पर्यटन प्रवर्द्धनमा पनि सहयोग पुग्ने बताए ।

लोप हुँदै गएको परम्परागत जौँ र उवा बालीको संरक्षण गरी विभिन्न खाद्य परिकार बनाएर बजारीकरण गर्ने उद्देश्यले आर्थिक वर्ष २०८१/०८२ मा प्रदेश सरकारको रु ७५ लाख र रघुगंगा गाउँपालिकाको रु २५ लाख बजेटबाट झिँमा जौँ र उवा उत्पादन तथा 'ब्राण्डिङ' परियोजना सञ्चालन भएको थियो । परियोजनामार्फत ३०० रोपनी क्षेत्रफल जमिनमा जौँ र उवाखेती विस्तार भएको छ ।

पच्हत्तर प्रतिशत अनुदानमा ६७ जना कृषकलाई ३० वटा मिनिटेलर हलो, १८ वटा थ्रेसर मेसिन, १९ वटा कम्बाइन मेसिन, थप ८२ वटा जौ, उवा र कोदो तथा घाँस काट्ने ब्रस कटर, एक सेट कुकीज उत्पादन गर्ने मेसिन, १६६ थान त्रिपाल, १०० वटा ३०० किलोग्राम तौल क्षमताको मेटल बिन, २० एम एमको चार हजार ३६४ मिटर, २५ एम एमको एक हजार ५००, ३२ एम एमको चार हजार २०० र ४० एमएमको २०० मिटर पाइप वितरण भएको छ ।

किसानलाई सूचीकरण गरी परम्परागत जौँ, कोदो, फापर र उवा बालीको महत्वबारे जानकारी गराई खेती प्रविधिसम्बन्धी तालिमसमेत दिइएको थियो । झिँका होटल र होमस्टेमा जौँ र उवाको परिकार बनाउने सीप हस्तान्तरणका लागि तालिम सञ्चालन भएको थियो ।


## होडिङ्ग बोर्डमार्फत् विज्ञापन गर्दा के गर्ने ?

**विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ अनुसार**

- होर्डिङ बोर्ड राख्न र त्यसमा विज्ञापन गर्न स्थानीय तहबाट अनुमति लिनुपर्ने,
- अनुमतिपत्रको लागि सम्बन्धित स्थानीय तहको कार्यालयमा निवेदन दिनुपर्ने,
- स्थानीय तहले प्रचलित कानून बमोजिम मनासिब देखेमा अनुमतिपत्र दिनुपर्ने,
- अनुमति दिँदाकै समयमा राजस्व संकलन गर्ने,
- अनुमतिको अवधि समाप्त भएपछि त्यस्तो होर्डिङ बोर्ड हटाउनुपर्ने व्यवस्था छ ।

**त्यसैले अनुमति प्राप्त गर्न:**

- स्थानीय तहमा निवेदन दिऊँ,
- अनुमतिपत्र प्राप्त नगरी होर्डिङ बोर्ड नराखौं वा राख्न नदिऔं,
- अनुमति प्राप्त नगरी राखिएका होर्डिङ बोर्ड तत्काल हटाऔं,
- अनुमति प्रदान गर्दा अनुमति शुल्क, बहाल वा बहालकर, विज्ञापन कर लिने गरौं ।

**बाह्य विज्ञापनलाई स्थानीय तह र प्रदेश सरकारको आम्दानीको स्रोत बनाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


# साना किसानको जीवनस्तर उकास्न निजी क्षेत्र लाग्नुपर्छ : मन्त्री अधिकारी

■ प्रभाव संवाददाता

**काठमाडौं –** कृषि तथा पशुपन्छि विकास मन्त्री रामनाथ अधिकारीले साना किसानहरूको जीवनस्तर उकास्न र ठुला किसानहरूलाई सेवा दिने दिशामा नीजि क्षेत्र लाग्नुपर्ने र मुक्तिनाथ कृषि कम्पनीले शुरु गरेको अभियानमा मन्त्रालयको पूर्ण साथ र सहयोग रहने बताए । राजधानीमा सम्पन्न आधुनिक थोक कृषि बजारसम्बन्धी कार्यशाला मन्त्रीले उक्त कुरा बताएका हुन् ।

खाद्यान्न जस्तो मानव स्वास्थसंग प्रत्यक्ष रूपमा सरोकार राख्ने क्षेत्रमा सार्वजनिक निजी साझेदारीमा, आधुनिक (अन्तराष्ट्रिय स्तरको) थोक कृषि बजार स्थापना र संचालनको औचित्य, आवश्यकता र लगानी प्रवर्द्धनको लागि कृषि तथा पशुपन्छि विकास मन्त्रालयको सहकार्य, नेपाल उद्योग वाणिज्य महासंघको सहआयोजना र डिएफसिडि/एसएनभी परियोजनाको सहयोगमा मुक्तिनाथ कृषि कम्पनी लिमिटेडले आयोजना गरेको कार्यशाला सम्पन्न भएको हो ।




कार्यशाला कार्यक्रममा स्वागत मन्तव्य राख्दै, मुक्तिनाथ कृषि कम्पनीका प्रबन्ध संचालक भरतराज ढकालले किसानहरूले गरेको उत्पादनको बाइव्याक ग्यारेन्टी गरी उत्पादनमा प्रोत्साहन गर्न अन्तराष्ट्रिय स्तरको थोक बजार आवश्यक रहेकोले कार्यक्रमको आयोजना गाीएको बताए ।

कम्पनीका अध्यक्ष सिताराम काफ्लेको अध्यक्षतामा सम्पन्न कार्यक्रममा राष्ट्रिय तथा अन्तराष्ट्रिय अवस्था: चुनौती र अवसरहरू सम्बन्धमा विज्ञ प्रस्तुतीकरण र आधुनिक थोक कृषि बजार स्थापना र संचालनको नीतिगत विषय तथा हालसम्मका अनुभवहरूको सम्बन्धमा उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालय, कृषि विभाग, नेपाल राष्ट्र बैंक र कृषि उद्यम केन्द्र सम्मिलित प्यानल छलफल भएको थियो ।

कृषि तथा पशुपन्छि विकास मन्त्री रामनाथ अधिकारीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रम सम्पन्न भएको थियो । उक्त अवसरमा मन्त्री अधिकारीले साना किसानहरूको जीवनस्तर उकास्न र ठुला किसानहरूलाई सेवा दिने दिशामा नीजि क्षेत्र लाग्नुपर्ने र मुक्तिनाथ कृषि कम्पनीले शुरु गरेको अभियानमा मन्त्रालयको पूर्ण साथ र सहयोग रहने बताए ।

त्यस्तै, मन्त्रालयका सचिव डा. गोविन्द प्रसाद शर्माले कृषि विधेयक मन्त्रिपरिषदमा लैजाने अन्तिम तयारीमा रहेको र ऐन कार्यन्वयन भएपश्चात उत्पादन, प्रशोधन र बजार व्यवस्थापन सम्बन्धि धेरै विषयहरू समाधान हुने बताए । लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत शुशिल ज्ञवालीले कृषि सम्बन्धि प्रशोधन, बजारीकरण र अन्य ठुला योजनाहरूलाई अगाडी बढाउन बोर्ड कुरिरहेकोले योजना अगाडी बढाउन सुझाव दिएका थिए ।

त्यस्तै, नेपाल उद्योग वाणिज्य महासंघमा उपाध्यक्ष हेमराज ढकालले नीजि क्षेत्रका समस्याहरू समाधानको लागि महासंघले विभिन्न पहलहरू गरिरहेको र बजार व्यवस्थापनको लागि करार खेति ऐन निर्माण गर्नुपर्नेमा जोड दिएका थिए । आधुनिक थोक बजार स्थापना र संचालनको सम्बन्धमा मुक्तिनाथ कृषि कम्पनी लिमिटेडले भिडियो मार्फत सरकारले जग्गाको व्यवस्थापन र कृषि बजार सम्बन्धि स्पष्ट कानुन जारी गरेमा, पुराना बजार संचालकहरू र नयाँ व्यवसायीहरूलाई समेट्दै १० अर्ब पूँजी लगानी गर्न तयार रहेको सन्देश दिएको छ ।


अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक


**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ